‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २१८ ★ ने. सं. ११४६ गुँला गा, प्रतिपदा ★ शनिबार ★ १३ भदौ, २०८३ ★ August 29, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## कवि पूर्ण वैद्यको प्रतिमा अनावरण

काठमाडौँ, १२ भदौ । नेपालभाषाका वरिष्ठ कवि पूर्णबहादुर वैद्यको ८५ औं जन्मोत्सवको अवसरमा उहाँको आफ्नै घरको आँगनमा कवि वैद्यको प्रतिमा अनावरण तथा स्तुपा प्रतिस्थापन शुक्रबार एक कार्यक्रमबिच सम्पन्न भयो ।

कार्यक्रममा कवि वैद्यबारे नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को सन्देश साहित्यकार प्रतिसरा सायमीले वाचन गर्नुभएको थियो ।

कवि वैद्यको प्रतिमा अनावरण गर्दै नेपालभाषाका साहित्यकार तथा समालोचक पुष्प चित्रकारले कवि वैद्य परम्परावादी कविहरूलाई चुनौती दिने, साधारण जनताले बुझ्ने जनपक्षीय कविता लेख्ने विद्रोही स्वभावका हुनुहुन्थ्यो भन्नुभयो ।

कवि वैद्यले गद्यशैलीको कविता लेख्नुको साथै कवितामा नयाँ नयाँ बिम्बको प्रयोगको थालनी गरेको उहाँले बताउनुभयो ।

कवि तथा साहित्यकार डा. योगेन्द्रभक्त प्रधानाङ्गले कवि वैद्य आफूभन्दा उमेरले केही वर्ष जेठो भए पनि विक्रम संवत् २०१४ सालदेखि उहाँसँगै रहेको स्मरण गर्नुभयो ।

“भक्तपुर क्याम्पस केही वर्षअघि स्थापना भएको भए त्यतिबेलाका अध्ययनशील युवाहरू पढाइको निम्ति काठमाडौँमा बस्नुपर्ने बाध्यता आउने थिएन”, उहाँले भन्नुभयो ।

कवि वैद्यको काव्यिक विशेषता सरल भए पनि काव्यमा हुनुपर्ने गुणको कारण उहाँको रचना कहिलेकाहीँ क्लिष्ट देखिने प्रधानाङ्गले बताउनुभयो ।

बागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले विद्यार्थीकालमा आफूहरूले प्रकाशित गर्ने पत्रिकामा अन्तर्वार्ता लिन तथा त:मुंज्या कार्यक्रममा आमन्त्रण गर्न कवि वैद्यकहाँ आइराख्ने स्मरण गर्नुभयो ।

***बाँकी पृष्ठ ८ मा***



## नेमकिपाका अध्यक्ष बिजुक्छेंको सन्देश

१२ भदौ २०८३

श्री मीरा वैद्यज्यू,
साहित्यकार प्रतिसरा सायमी र जानकी रघुवंशीज्यू !

नेपालभाषाको आधुनिक कविताका अग्रणी, निबन्धकार, लेखक एवम् कथाकार पूर्णबहादुर वैद्य मेरो विद्यार्थी कालदेखिकै साथी हुनुहुन्छ । ‘बौद्धिक विकास मण्डल’ नामको एक पुस्तकालयका हामी कार्यकर्ता पनि थियौँ । उहाँको पहिलो कवितासङ्ग्रहमा ‘म मास्टर’ शीर्षकको कविता लेखेर उहाँले आफूलाई यथार्थवादी तथा प्रगतिशील कवि भएको प्रमाण दिनुभयो ।

कवि वैद्यले अमेरिकी साम्राज्यवादले एसियाको एक देश भियतनाममाथि गरेको अन्यायपूर्ण आक्रमणको विरोध गर्नुभयो । लेखक वैद्यको ‘घटना’ शीर्षकको निबन्धमा लेनिनका दाजुलाई रुसका राजा जारमाथि बम प्रहार गरेको कारणले ज्यान सजाय दिएको विषयवस्तु समेटिएको छ । आतङ्कवाद तथा अराजकतावादले क्रान्ति पूरा गर्न सक्दैन, बरू ठूल्ठुला ऐनकानुन बनाएर जनतालाई दबाउने हतियार बन्नसक्ने भन्ने लेनिनको व्याख्या वैद्यको निबन्धमा उल्लेख थियो । दाजुको ज्यान सजायबारेको ‘घटना’ पछि लेनिनले समाजवादी क्रान्तिबारे गम्भीर अध्ययन गर्नुभयो, रुसी समाजवादी क्रान्तिको नेता बन्नुभयो, साथै संसारमै सबभन्दा पहिलो समाजवादी राज्य सोभियत सङ्घको स्थापना गर्न आफ्नो जीवन अर्पण गर्नुभयो । यसरी पूर्ण वैद्य एक आतङ्कवाद तथा अराकतावादीविरोधी बन्नुभयो । विद्यार्थीहरूको ‘क्रान्ति’ नामको नेपाली तथा नेपालभाषाको एक हस्तलिखित पत्रिका पूर्ण वैद्यकै सम्पादनमा प्रकाशित हुन्थ्यो ।

‘सिनां दाजु’ शीर्षकको एक कथामा कामगरी खाने श्रमिकहरूको परिश्रमको फल र परिवारको बन्दोबस्त हुनुपर्ने तर्क गर्दै कथाकार वैद्यले पुँजीवादी व्यवस्थाको ठाउँमा समाजवादी व्यवस्था आवश्यक भएको पक्षमा वकालत गर्नुभयो । त्यस अर्थमा उहाँलाई एक प्रगतिशील लेखक भनेर सम्बोधन गर्नु आवश्यक छ ।

पूर्ण वैद्यको प्रतिमा अनावरण तथा चैत्य स्थापना गर्ने शुभ दिनमा आफ्नो स्वास्थ्यको कारण उपस्थित हुन नसक्दा साह्रै नरमाइलो महसुस भएको छ । कार्यक्रममा सहभागी सबै लेखक तथा अतिथि सबैलाई धन्यवाद !

***(कवि पूर्ण वैद्यको प्रतिमा अनावरण कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंले नेपालभाषामा पठाउनुभएको लिखित सन्देशलाई नेपाली भाषामा अनुवाद गरिएको छ-सं)***

## राष्ट्रपति सीद्वारा नेपालमा जनधनको क्षतिप्रति समवेदना व्यक्त




पेइचिङ, १२ भदौ (सिन्ह्वा) । चिनियाँ राष्ट्रपति सी चिनफिङले नेपालमा आएको प्राकृतिक विपत्तिबाट भएको जनधनको क्षतिप्रति राष्ट्रपति रामचन्द्र पौडेललाई शुक्रबार समवेदना सन्देश पठाउनुभएको छ ।

हालै चीनको तिब्बत क्षेत्रमा गएको हिमपहिरो र त्यसका कारण नेपालमा भोटेकोसी र त्रिशुली नदीमा आएको बाढी र डुबानका कारण रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा व्यापक भौतिक तथा मानवीय क्षति पुगेको थियो ।

आफ्नो सन्देशमा चिनियाँ राष्ट्रपति सीले ‘चीन र नेपालबिचको केरूङ-रसुवा सीमा नाका क्षेत्रमा हालै गम्भीर विपद् आएको, जसले ठुलो जनधनको क्षति पुऱ्याएको, मानिसहरू बेपत्ता भएको र भौतिक सम्पत्तिको क्षति भएको उल्लेख गर्दै यसबाट नेपाल र नेपाली जनतालाई परेको पीडाले आफूलाई दु:खी बनाएको’ उल्लेख गर्नुभएको छ ।

राष्ट्रपति सीले पीडितहरूप्रति गहिरो समवेदना व्यक्त गर्दै शोकसन्तप्त परिवार, घाइते र विपद्ग्रस्त क्षेत्रका जनताप्रति चीन सरकार र आफ्नो तर्फबाट हार्दिक सहानुभूति जनाउनुभएको छ ।

चीन बेपत्ता व्यक्तिहरूको खोजी र उद्धार गर्न, प्रभावित व्यक्तिहरूलाई स्थानान्तरण र पुनर्वास गर्न, घाइतेहरूलाई शीघ्र चिकित्सा उपचार प्रदान गर्न, थप हताहतलाई नियन्त्रण गर्न र ठुला विपद् रोक्न हरसम्भव प्रयास गरिरहेको उहाँले बताउनुभएको छ ।

राष्ट्रपति सीले भन्नुभएको छ, “चीन र नेपाल पहाड र नदीहरूले जोडिएका र साझा हित र अनुभव साझा गर्छन् । चीन नेपालको उद्धार प्रयासहरूमा सक्रिय रूपमा सहयोग गर्न र आफ्नो क्षमताअनुसार समन्वय र सहायता प्रदान गर्न तयार छ ।”

दुवै देशका जनता मिलेर विपद्लाई पार गर्न र सकेसम्म चाँडो आफ्ना घरहरू पुनर्निर्माण गर्न सक्षम हुने पनि राष्ट्रपतिलाई पठाएको सन्देशमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

यसअघि, चिनियाँ प्रधानमन्त्री ली छियाङले पनि शुक्रबार नै नेपालका प्रधानमन्त्री बालेन्द्र शाहलाई समवेदना सन्देश पठाउनुभएको थियो ।

## भोटेकोसीमा बाढी: एक प्रहरीसहित ५४७ जनाको शव फेला

काठमाडौँ, १२ भदौ: रसुवास्थित भोटेकोसी नदीमा बुधबार बिहान आएको बाढीमा परी मृत्यु हुनेको सङ्ख्या ५४७ पुगेको छ । विभिन्न जिल्लाबाट अहिलेसम्म एक जना प्रहरीसहित ५४७ जनाको शव फेला परेको नेपाल प्रहरीको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार रसुवामा १३, धादिङमा ४०, तनहुँमा २९, नुवाकोटमा ३८, गोरखामा ४४, चितवनमा २२१, नवलपरासीपूर्वमा १३४ र नवलपरासी पश्चिममा २८ जनाको शव फेला परेको छ ।

नेपाल प्रहरीका प्रवक्ता अबिनारायण काफ्लेका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म एक हजार ४७३ जनाको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये रसुवाबाट ५७२, नुवाकोटबाट ८९८ र धादिङबाट तीन जना रहेका उहाँले जानकारी दिनुभयो ।

बाढीमा परी घाइते भएकालाई विभिन्न स्थानबाट उद्धार गरी केहीलाई उपचारका लागि काठमाडौँ ल्याइएको छ । प्रहरीका अनुसार काठमाडौँका विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका गरी हालसम्म ९४ जना रहेका छन् ।

बाढीपछि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, भन्सार कार्यालय तथा अध्यागमन कार्यालयका कर्मचारीसमेत सम्पर्कविहीन भएका छन् । प्रहरीका अनुसार नेपाली सेनाका ४४, नेपाल प्रहरीका २७, सशस्त्र प्रहरी बल नेपालका १३, भन्सार कार्यालय टिमुरेका १५ र अध्यागमन कार्यालय टिमुरेका चार कर्मचारी हालसम्म सम्पर्कविहीन छन् ।

बाढीमा परी सर्वसाधारणसहित हालसम्म दुई हजार ३८१ जना सम्पर्कविहीन रहेका प्रहरीले जनाएको छ । बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई तीव्र पारिएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायत सम्बन्धित निकायका सुरक्षाकर्मीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धारकार्य जारी राखेका छन् ।

## इरानद्वारा अमेरिका–इजरायललाई चेतावनी

तेहरान, १२ भदौ (एएनआई) । इरानका सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मेजर जनरल मोहसेन रेजाईले अमेरिकी नाकाबन्दी जारी रहे गम्भीर टकराव निम्तिन सक्ने चेतावनी दिनुभएको छ । उहाँले इजरायलसँग पुन: द्वन्द्व भए त्यसअघिका युद्धभन्दा फरक चरणका लागि इरान तयार रहेको बताउनुभएको छ ।

इरानी समाचार संस्था आइआरआइबीका अनुसार अल-मनारसँगको अन्तर्वार्तामा रेजाईले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई ‘नरकमा पठाउने’ चेतावनी दिनुभयो । उहाँले नेतन्याहुले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका छोराको हत्या गर्ने इरानी षड्यन्त्रसम्बन्धी गलत सूचना फैलाएर ट्रम्पको निर्णय प्रक्रियामा प्रभाव पारेको आरोप लगाउनुभयो ।


लेबनानमा इजरायलसँग पुन: द्वन्द्व भए बेरुतको दहिया क्षेत्रलाई कुनै पनि हालतमा स्वीकार्य नहुने सीमा मान्ने रेजाईले बताउनुभयो । इजरायलले लेबनानमा कब्जा गरेका क्षेत्रबाट फिर्ता हुनुपर्ने उल्लेख गर्दै उहाँले भविष्यको युद्ध अघिल्लोभन्दा फरक हुने चेतावनी दिनुभयो ।

अमेरिकाले सैन्य आक्रमणबाट आर्थिक दबाबतर्फ नीति परिवर्तन गर्नु सैन्य कारबाहीको ‘निरर्थकता’ को प्रमाण भएको रेजाईको दाबी छ । उहाँले नाकाबन्दी जारी रहे अमेरिकी आर्थिक हितलाई लक्षित गरी पूर्ण शक्तिका साथ जवाफ दिने चेतावनी दिनुभयो । युद्धविरामको अवधिमा इरानले करिब सातदेखि आठ करोड ब्यारेल तेल निर्यात गरेको उहाँले दाबी गर्नुभयो ।

यसअघि अगस्ट २४ मा इजरायली प्रधानमन्त्री नेतन्याहुले इरानविरुद्ध अमेरिकाले लगाएको पछिल्लो प्रतिबन्धको स्वागत गरेका थिए । सोही दिन अमेरिकाले इरानको सैन्य गतिविधि, खरिद सञ्जाल तथा पेट्रोलियम र पेट्रोकेमिकल व्यापारसँग सम्बन्धित करिब ६० संस्था, व्यक्ति र पानीजहाजमाथि नयाँ प्रतिबन्ध लगाएको थियो ।

रेजाईको अभिव्यक्ति अमेरिका र इरानबिच हाल कुनै वार्ता नरहेको अमेरिकी भनाइपछि आएको हो । ह्वाइट हाउसकी पूर्व प्रेस सचिव क्यारोलिन लेभिटले अर्थपूर्ण वार्ताका लागि इरान तयार नभएसम्म वार्ता अघि नबढ्ने बताएकी थिइन् ।

**व्यङ्ग्यचित्र कुनो**





**शव पहिचानका लागि विवरण टिपाउँदै आफन्तजन**

चितवन औद्योगिक व्यवसाय विकास प्रतिष्ठान भवनस्थित शव संरक्षण तथा पहिचान केन्द्रमा आफन्तको शव पहिचानका लागि विवरण टिपाउँदै । शव पहिचानका लागि चितवन उद्योग सङ्घको परिसरमा डिस्प्ले राखिएको छ । भोटेकोसी नदीमा आएको भीषण बाढीका कारण हालसम्म चितवनमा १७८ शव भेटिएका छन् । *तस्बिर: सनद अधिकारी/रासस*

# पुँजीवादी व्यवस्थाले कामदारवर्गको हित नगर्ने



भक्तपुर, १२ भदौ । नेपाल क्रान्तिकारी मजदुर सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा भक्तपुर काण्डबारे जानकारी गराउन छलफल तथा प्रशिक्षण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले पुँजीवादी व्यवस्थाले कामदार र मजदुरवर्गको हित नगर्नेतर्फ स्पष्ट हुनु जरुरी छ भन्दै देश र जनताको सेवामा लागेका नेमकिपाका नेता कार्यकर्तालाई पञ्चायती व्यवस्थाले झूटो मुद्दा लगाई फसाउने दुष्प्रयास गरेको उल्लेख गर्नुभयो ।

समाजवादी व्यवस्था स्थापना गर्न नेमकिपा सङ्घर्षरत रहेको उहाँले बताउनुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य एवं बागमती प्रदेशसभा सदस्य गीता काफ्लेले नेमकिपा सरकार परिवर्तनको फोहोरी खेलमा कहिल्यै नलाग्ने बताउनुभयो ।

नेक्रामजदुर सङ्घ चाँगुनारायण नगर समितिका अध्यक्ष कृष्णहरि आगंजाको सभापतित्वमा भएको उक्त कार्यक्रममा दीपा श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# कला संस्कृतिको संरक्षणमा सबैको साझा जिम्मेवारी

भक्तपुर, १२ भदौ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणमा युवाहरूको सक्रिय सहभागिताको लागि खुसी व्यक्त गर्नुभयो ।




मुक्ति सङ्गीत प्रशिक्षण केन्द्रद्वारा प्रशिक्षित महाकाली नाच पिदानेगु ( दीक्षान्त) कार्यक्रममा प्रमुख प्रजापतिले कला र संस्कृति देशकै सम्पत्ति भएकोले त्यसको संरक्षण गर्नु सबै नागरिकको साझा कर्तव्य र जिम्मेवारी हो भन्नुभयो ।

उहाँले भक्तपुरमा रहेका मूर्त सम्पदाहरूमात्र नभई अमूर्त सम्पदाहरू संरक्षणमा पनि नगरपालिकाले उत्तिकै जोड दिँदै आइरहेको चर्चा गर्दै भन्नुभयो, "हामीसँग थुप्रै अमूर्त सम्पदाहरू छन् । ती सबै देशका सम्पत्ति हुन् । युवा पुस्ताले सिकेपछि अब लोप हुन पाइने छैन । दाफा-भजन, परम्परागत नाच, संस्कृति संरक्षणका लागि उत्साहित गर्न नगरपालिकाले हरेक वर्ष विभिन्न विधाका प्रतियोगिताहरू सञ्चालन गर्दै आएको छ ।

सांस्कृतिक गुरूहरूको सम्मान गर्नु सराहनीय कार्य भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले कार्यक्रममा सम्मानित गणेशराम लाछी संस्कृतिविज्ञ र नेपालभाषाका अभियन्ता भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भाषा र संस्कृति संरक्षणमा गणेशराम लाछीको ठुलो योगदान छ । उहाँ एक सफल कलाकार र बहुप्रतिभाशाली व्यक्तित्व पनि हुनुहुन्छ ।"

भोटेकोसीमा भदौ १० गते आएको बाढीले पुऱ्याएको धनजनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै प्रमुख प्रजापतिले केही भक्तपुरवासीहरू पनि सम्पर्कविहीन भएको र तिनीहरू शीघ्र सम्पर्कमा आउने अपेक्षा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "यस विपद्को समयमा सबैले पीडित परिवारलाई सहयोग गर्न जरूरी छ ।"

नेपाल सङ्गीत तथा नाट्य प्रतिष्ठानका प्राज्ञ सुदिमा श्रेष्ठले संस्कृति बचाउन मुक्ति सङ्गीत प्रशिक्षण केन्द्रले गर्दै आएको कामको प्रशंसा गर्दै प्रतिष्ठानको तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

सम्मानित व्यक्तित्व गणेशराम लाछीले भक्तपुरमा ख्वपा प्याखं (मकुन्डो नाच) धेरै भएको बताउँदै महाकाली नाचजस्तो समूहगत नाचहरू प्रशिक्षण दिएर युवा पुस्तालाई अगाडि बढाएकोमा प्रशिक्षण केन्द्रलाई धन्यवाद दिनुभयो ।

उहाँले भक्तपुरमा संस्कृतिकर्मी प्रशिक्षकहरूले निरन्तर मेहनत गरिरहेकै कारण भक्तपुर सांस्कृतिक नगरको रूपमा विश्वमा परिचित हुँदै गएको हो भन्नुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले मूर्त र अमूर्त सम्पदाहरूलाई जीवन्तता दिन सकेन भने समाज मृत सरह हुने धारणा राख्दै आफू पनि महाकाली नाचको कलाकार भएको बताउनुभयो ।

अभौतिक सम्पदाहरूको संरक्षणको लागि राष्ट्रिय सूचीकरणको पहल भइरहेको उहाँले जानकारी दिनुभयो ।

नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय कार्य समिति सदस्य रोसन भोयद्योलगायतले शुभकामना व्यक्त गर्नुभएको उक्त कार्यक्रम प्रशिक्षण केन्द्रका संस्थापक अध्यक्ष मुक्तिसुन्दर जधारीको सभापतित्वमा सम्पन्न भएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण तथा गणेशराम लाछीलाई सम्मान गर्नुभएको थियो ।

# बेपत्ताको खोजी र शव व्यवस्थापनमा सक्रियता

काठमाडौँ, १२ भदौ । रसुवाको भोटेकोसीमा गत बुधबार आएको बाढीपछि बेपत्ता भएका नागरिकको खोजीमा नेपाली सेनाले सक्रियता बढाएको जनाएको छ ।

शव सङ्कलन र व्यवस्थापनमा ढिलाइ भएको भन्दै जनस्तरबाट आइरहेका गुनासोलाई सम्बोधन गर्दै नेपाली सेनाले आफ्नो 'अपरेसन' लाई थप तीव्र बनाएको उल्लेख गरेको छ । शव सङ्कलन तथा खोजी कार्य ढिलो भन्दै उठेका गुनासोलाई गम्भीरताका साथ लिँदै सेनाले विशेष टोली परिचालन गरी धमाधम शव सङ्कलन गरिरहेको छ ।

बाढीले तल्लो तटीय क्षेत्रसम्म बगाएर ल्याएका शवहरूको खोजी तथा सङ्कलनका लागि रसुवादेखि चितवनसम्मको नदी तटीय क्षेत्रमा आज थप एक हजार २०० सैनिक जनशक्ति परिचालन गरेको छ । यसअघि सेनाले प्रभावित नागरिकको उद्धार, राहत तथा अस्थायी व्यवस्थापनका लागि एक हजार ६०० जनशक्ति खटाएको थियो ।

नेपाली सेनाले प्रभावित क्षेत्रका साथै त्रिशूली र नारायणी नदी किनारका सम्भावित सम्पूर्ण स्थानहरूमा आफ्ना जनशक्तिलाई टोलीगत रूपमा खटाएर सङ्कलन कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाएको छ । नदीको तीव्र बहाव र कठिन भौगोलिक अवस्थाका बाबजुद पनि सैनिक टोलीले निरन्तर रूपमा शव फेला पार्ने र सङ्कलन गर्ने कार्यलाई अघि बढाइरहेको छ ।

**नुवाकोटमा शव व्यवस्थापन**

जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक विपिन रेग्मीका अनुसार नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक विमलराज कँडेलको नेतृत्वको ३० जनाको टोलीले शव व्यवस्थापन गरिरहेको छ । उक्त शव व्यवस्थापनमा तालिम प्राप्त टोलीले धार्मिक, सांस्कृतिक र परम्पराअनुसार नै शव सङ्कलन गरिरहेको उहाँको भनाइ छ ।

शव व्यवस्थापसँगै परीक्षणका लागि अस्पताल पनि बढाउँदै आएको छ । टोलीले नुवाकोटमा प्राप्त कूल ३८ शवमध्ये २२ वटा त्रिवि शिक्षण अस्पताल, काठमाडौँमा पठाइसकेको छ भने शुक्रबार बाँकी १६ वटा र थप शव पठाउने तयारी गरिरहेको प्रमुख रेग्मीको भनाइ छ । ***रासस***

# चितवनको कोराकमा 'भक्तपुर काण्ड' को भर्त्सना

चितवन, १२ भदौ । भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम एक भेलाबिच शुक्रबार राप्तीको कोराकमा सम्पन्न भएको छ ।




नेपाल क्रान्तिकारी युवा सङ्घ चितवन र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ चितवनको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा नेमकिपा चौथो जिल्ला सम्मेलन तयारी समिति, चितवनका संयोजक हरिप्रसाद दुवालले नेमकिपाले स्थापनाकालदेखि नै किसान आन्दोलन, मोहियानी हकको आन्दोलन, सफाइ आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलनलगायतमा सक्रिय भूमिका रहेको बताउनुभयो ।

पार्टी जिल्ला संयोजक दुवालले पार्टीले सुरुदेखि नै व्यक्तिहत्याको विरोध गर्दै आएको बताउँदै कम्युनिस्टको नाममा भारतको नक्सलवादी आन्दोलन र झापा आन्दोलनमा भएको व्यक्तिहत्याको पार्टीका अग्रजहरूले विरोध गर्नुभएको स्मरण गराउनुभयो ।

नेमकिपाको कम्युनिष्ट विचार र सिद्धान्तबाट कामदारवर्ग राजनैतिक र साङ्गठनिक रूपमा सचेत र सङ्गठित भएको अवस्थाबाट पञ्चायत डराएर नै भक्तपुर काण्डमा नेमकिपालाई झूटो मुद्दामा फसाएको उहाँले भन्नुभयो ।

वर्तमान रास्वपा सरकारले शिक्षा, स्वास्थ्य र बिजुलीमा कर लगाएर बहुमत कामदार वर्गलाई दबाउन खोजेको उहाँले स्पष्ट पार्नुभयो ।

नेमकिपा, राप्तिका संयोजक अर्जुन प्रजाले नेमकिपाले महिलाहरूलाई राजनैतिक रूपमा सचेत र सङ्गठित पारेको कारण भक्तपुर काण्डको बेला पार्टीलाई जोगाउन सफल भूमिका खेल्न सकेको बताउनुभयो ।

नेक्रामहिलासङ्घ, चितवनका अध्यक्ष सुमित्रा महतोले भक्तपुर काण्डको बेला चितवनमा तत्कालीन चौम र मालेले नेमकिपाका कार्यकर्तालाई भड्काउने र बिगार्ने काम गरेकोबारे चर्चा गर्नुभयो ।

नेमकिपा भरतपुरका सदस्य रविन प्रधानले रास्वपा सरकार निषेधको राजनीति गरेर पञ्चायतपथतिर लागेको बताउनुभयो ।

नेक्रायुसङ्घ, चितवनका अध्यक्ष ज्ञानेन्द्र प्रजाले बहुमत जनताको पक्षमा काम गर्दा शासक वर्गको तारो हुने भएकोले सदा सतर्क रहनुपर्ने बताउनुभयो ।

कार्यक्रममा विद्यार्थी प्रकाश चेपाङ, ममता चेपाङलगायतले बोल्नुभएको थियो ।

# रसुवामा बाढी : भक्तपुर जिल्लाका २८ व्यक्ति सम्पर्कविहीन

भक्तपुर, १२ भदौ । भक्तपुर जिल्लाका २८ व्यक्ति सम्पर्कविहीन भएका छन् । बुधबार भोटेकोसीमा आएको बाढीका कारण अलपत्रमा परेकाहरू सम्पर्कविहीन भएका हुन् । जिल्ला प्रहरी परिसर भक्तपुरले शुक्रबार बिहान दिएको जानकारीअनुसार परिसरमा २८ परिवारले सम्पर्क गरी आफन्त खोजिदिन आग्रह गरेको जानकारी दिनुभयो ।

जिल्ला प्रहरी परिसर भक्तपुरका सूचना अधिकारी दीपक कार्कीले अलपत्रमा परेकाहरूको खोजी भइरहेको जानकारी दिनुभयो ।

**धुन्चेमा अलपत्र परेकाको उद्धार**

यसैबिच धुन्चेमा अलपत्र परी बसेकाहरूको खोजी तथा उद्धारगरी घर पठाउने काम सुरुआत गरिएको छ ।

गत बुधबार भोटेकोसीमा आएको बाढीले विभिन्न जिल्लाका व्यक्तिहरू धुन्चेमा अलपत्रमा परेका थिए । अन्यौलमा परेकाहरूको खोजी तथा उद्धार गरी वाग्मती प्रदेश सरकारले उनीहरूलाई आ-आफ्नो जिल्लातर्फ पठाउने कामको सुरुआत गरेको हो । ***रासस***

## सङ्क्षिप्त समाचार

### लुम्बिनी प्रदेशसभा अधिवेशन अन्त्य

तुलसीपुर (दाङ), १२ भदौ । लुम्बिनी प्रदेशसभा अधिवेशन अन्त्य भएको छ । प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले बिहीबार राति १२ बजेदेखि लागू हुने गरी प्रदेशसभाको अधिवेशन अन्त्य गर्नुभएको हो ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेशसभाको आठौं अधिवेशन अन्त्य गरिएको प्रदेशसभा सचिव दुर्लभकुमार पुनले बताउनुभयो ।

प्रदेशसभाको आठौं अधिवेशन गत वैशाख १७ गतेदेखि सुरु भएको थियो । *रासस*

### भारतसँग जिटुजी माध्यमबाट २५ हजार मेट्रिक टन डीएपी मल खरिद गरिने

काठमाडौँ, १२ भदौ । सरकारले भारत सरकारसँग सरकार-सरकार ( जिटुजी) खरिद माध्यमबाट २५ हजार मेट्रिक टन डिएपी मल खरिद गर्न कृषि सामग्री कम्पनी लिमिटेडलाई सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार बैठकले कृषकलाई समयमै रासायनिक मल उपलब्ध गराउने उद्देश्यले भारतसँगको जिटुजी माध्यमबाट डिएपी मल खरिद गर्ने प्रक्रिया अघि बढाउन कृषि सामग्री कम्पनी लिमिटेडलाई अनुमति दिइएको हो । सरकारको स्वीकृतिपछि कम्पनीले आवश्यक खरिद प्रक्रिया अघि बढाउनेछ ॥ *रासस*

### भोटेकोसीमा पानीको सतह फेरि बढ्यो सतर्कता अपनाउन आग्रह

काठमाडौँ, १२ भदौ । भोटेकोसीमा जलसतह पुन:बढेको छ । लेदोसहित पानीको सतह बढेसँगै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह गरेको छ ।

प्राधिकरणले शुक्रबार सूचना जारी गर्दै भोटेकोसीमा फेरि बाढी आउनसक्ने जनाउँदै भोटेकोसी एवं त्रिशूलीमा उद्धार एवं राहतमा परिचालन भएकालाई सतर्कता अपनाउन आग्रह गरेको हो । प्राधिकरणका प्रवक्ता शान्ति महतले जोखिम क्षेत्रमा रहेका सबैलाई सतर्कता अपनाउन र तत्काल सुरक्षित स्थानमा जान अनुरोध गर्नुभएको छ । *रासस*

### भोटेकोसी बाढीका घाइते ५९ जनाको काठमाडौँका विभिन्न अस्पतालमा उपचार

काठमाडौँ, १२ भदौ । भोटेकोसी बाढीमा घाइते भएर उद्धार गरी काठमाडौँ ल्याएकामध्ये ५९ जनाको अहिले काठमाडौँका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र काठमाडौँका अनुसार बाढी प्रभावित जिल्ला रसुवा, नुवाकोटलगायत जिल्लाका ८८ जना घाइतेको उद्धार गरी थप उपचारका लागि काठमाडौँ ल्याएको थियो ।

केन्द्रका अनुसार तीमध्ये २९ जनाको काठमाडौँको विभिन्न अस्पतालमा उपचारपश्चात् 'डिस्चार्ज' भएर फर्किएका छन् ।

शिक्षण अस्पताल महाराजगञ्ज अस्पतालमा तीन जना घाइतेको उपचार भइरहेको छ भने सो अस्पतालबाट उपचार गरेर ११ जना डिस्चार्ज भएका छन् । त्यस्तै, राष्ट्रिय ट्रमा सेन्टरमा उपचारका लागि ल्याइएका ३१ जनामध्ये १२ जना उपचारपश्चात् डिस्चार्ज भएका छन् । वीर अस्पतालमा छ जना उपचारका लागि भर्ना भएकामा पाँच जना उपचारपछि डिस्चार्ज भएका छन् ।

त्यस्तै, मनमोहन हस्पिटलमा दुई जना र ग्रीनसिटी अस्पतालमा एक जनाको उपचार भइरहेको छ । नर्भिक अस्पतालमा दुई जना घाइतेको उपचार भइरहेको छ । मनमैजु शुभम् अस्पताल र नेपाल मेडिकल कलेजमा एक/एक जनाको उपचार भइरहेको छ । *रासस*

### पहिचान र परीक्षणका लागि १०२ शव पोखरा ल्याइयो

कास्की, १२ भदौ । त्रिशुली तथा नारायणी नदी किनारमा भेटिएका १०२ शव पहिचान तथा परीक्षणका लागि पोखरा ल्याइएको छ ।

भोटेकोसीले बगाएकाको खोजीका क्रममा सुरक्षाकर्मी र स्थानीयले धादिङ, गोरखा, तनहुँ र पूर्वी नवलपरासीलगायत जिल्लामा फेला पारेका शव व्यवस्थापन तथा परीक्षण गर्ने व्यवस्था नभएपछि पोखरा ल्याइएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गद बरालले बताउनुभयो ।

बिहीबार राति पूर्वी नवलपरासीबाट ४१, तनहुँबाट २३, गोरखाबाट ११ र धादिङबाट २७ शव ल्याइएका तथा तिनको व्यवस्थापन पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा गरिएको जानकारी दिँदै उहाँले तनहुँका विभिन्न स्थानमा भेटिएका नौ शव भने पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा परीक्षणपछि मणिपाल शिक्षण अस्पताल पठाइएको छ । पोखराका सरकारी तथा निजी अस्पतालमा गरी ८८ शव व्यवस्थापनको क्षमता छ ।

शवको परीक्षण गरी पहिचानका लागि सार्वजनिक सूचना जारी गर्ने तयारीमा स्थानीय प्रशासन छ । *रासस*

# विपद्मा सञ्चार र यसको महत्त्व

- एकराज पाठक

काठमाडौँ, १२ भदौ । भनिन्छ, सूचना खान त मिल्दैन, तर सूचना नपाउँदा मानिस भोकै मर्न भने सक्छ । त्यसैले मानिसका लागि सूचना खाना, बास र अन्य अत्यावश्यकीय एवं आधारभूत वस्तुजस्तै महत्त्वपूर्ण र संवेदनशील हो ।

मानिसको दैनिक जीवनयापनकै लागि यति महत्त्वपूर्ण सूचना विपद् अथवा प्रकोपका बेलामा झन् कति महत्त्वपूर्ण होला ? यसकारण, अहिले प्रकोप या विपत् रिपोर्टिङलाई पनि विश्वमा पत्रकारिताको एक अलग्गै र विशेष विधाका रूपमा अध्ययन र अभ्यास गर्ने गरिएको छ ।

मानिसका लागि सबैभन्दा प्रिय वस्तु भनेको आफ्नो शरीर हो । ऊ बाँच्न र सदैव सुरक्षित रहिरहन चाहन्छ । त्यसैले मानिसको बाँच्ने चाहनाको खोजीमा प्रकोप या विपद्प्रति उसको सबैभन्दा ठूलो चासो एवं सरोकार रहन्छ । पत्रकारिता मानवीय अभिरुचिमा नै बढी केन्द्रित हुने भएकाले नै विश्वमै पछिल्लो समयमा वातावरण, अपराध, विकास, खेलकुदजस्तै विपद् रिपोर्टिङलाई पनि एक अलग्गै विधा र विषयका रूपमा विकास गरेको छ ।

प्राकृतिकलगायतका विविध महामारीजन्य प्रकोप अथवा विपद्का समयमा सूचनाले मानिसको ज्यान बचाउने काम गर्ने भएकाले मानिसको जीवनसँग प्रत्यक्ष जोडिएको यो विषयभन्दा अर्को ठूलो मानवीय अभिरुचि हुने कुरा पनि भएन ।

यस्तो अवस्थाको रिपोर्टिङ मानव समुदायलाई अन्य सामान्य अवस्था या समयकोभन्दा पनि बढी महत्त्वपूर्ण र आवश्यक रहन्छ । जस्तो कि जापान, इन्डोनेसियालगायतका सामुद्रिक देशहरूमा भूकम्प गएपछि सुनामीको सम्भावना छ कि छैन भन्ने सूचना बडो महत्त्वपूर्ण हुन्छ र मानिसहरू त्यही सूचना कुरेर बसिरहेका हुन्छन् । भूकम्पपछिको यो सूचनाको प्रतीक्षामा लगभग सबै नागरिक रहन्छन् । यदि सुनामीको खतरा छ भने उनीहरू समुद्र तटभन्दा टाढा या त्यस्तै सुरक्षित स्थानमा निस्कन्छन् र यसले हजारौं मानिसको ज्यान बच्दछ ।

प्राकृतिक विपद् र यो प्रकोपको समाचार सम्प्रेषण अतिजटिल र संवेदनशील काम हो । जस्तो युद्ध या द्वन्द्वका बेलामा पत्रकारले समाचार सम्प्रेषण गर्दा समाचारदातालाई बढी गाह्रो हुन्थ्यो, यो विपद् या प्रकोप समाचारको रिपोर्टिङमा पनि त्यस्तै अप्ठ्यारो हुन्छ । युद्धका समयमा कतिपय अवस्थामा समाचारदाता नै द्वन्द्वरत क्षेत्रमा नै खट्नुपर्ने हुँदा बढी जोखिम हुन्छ ।

जस्तो कि मध्यपूर्वी राष्ट्रहरूमा चलेको सशस्त्र द्वन्द्वको क्रममा कैयौं युरोपेली, अमेरिकी पत्रकार यस्तो समाचारको रिपोर्टिङकै सिलसिलामा मारिएका थिए । सिरियामै कैयौं विदेशी पत्रकार मारिएका छन् । उनीहरूले समाचार पनि दिनुपर्छ र आइपर्ने जोखिम पनि उत्तिकै सामना गर्नुपर्छ । यतिमात्र होइन, उनीहरूलाई द्वन्द्वरत पक्ष विपक्षले पनि आफ्ना कुरा नआएमा तारो बनाउँछ ।

त्यस्तै जोखिम यो विपद्को समाचार दिने पत्रकारमा पनि हुने गर्छ । पहिलो कुरा त उनीहरू विपद् या प्रकोप भइरहेको स्थानमा नै खट्नुपर्छ । त्यहाँ प्राकृतिक या मानवनिर्मित के- कस्तो विपद् हो त्यसको जोखिम रहन्छ । त्यस घटनाको सूचना जतिसक्दो चाँडै दिनुपर्छ र आफू पनि बच्नुपर्छ । जस्तै नेपालमा २०७२ सालको महाभूकम्पका समयमा कैयौं रेडियो, टेलिभिजनकर्मी आ-आफ्नो स्टुडियोबाट समाचार प्रसारण गर्न बाध्य भए तर पनि ती स्टुडियो राखिएका घर भूकम्पबाट सुरक्षित थिए या थिएनन् भन्ने सूचना उनीहरूसँगै थिएन । यसरी आफू खतरामा रहेर पनि उनीहरू सूचना दिन बाध्य भएजस्तै हो प्रकोप रिपोर्टिङको अवस्था । भूकम्पको जोखिमको अवस्थामा पनि 'फिल्ड' मै खटेर समाचार सम्प्रेषण गर्नु त छँदैछ ।

प्राय: प्रकृतिले पार्ने प्रकोप नै यसअन्तर्गत पर्दछन् जस्तो कि बाढी, पहिरो, चट्याङ, ज्वालामुखी, हुरी, बतास, आँधी, भूकम्प, सुनामी, खडेरी, शीतलहर आदि । यो मानिसको काबु बाहिरको अवस्था हो । प्रकृतिले पार्ने यसलाई प्राकृतिक प्रकोप भनिएको हो । मानिसले यस्ता प्रकोप हटाउन सक्दैन तर केही प्रयासहरूबाट घटाउन भने सकिन्छ । प्रकोप या विपद् भइसकेपछि मानिसलाई सुरक्षित बनाउन भने विपद् रिपोर्टिङ आवश्यक पर्दछ ।



फेरि कतिपय मानवनिर्मित प्रकोपहरू पनि हुन्छन् । युद्ध, द्वन्द्व, यातायात दुर्घटना, आगलागी आदि मानवनिर्मित प्रकोप हुन् । यस्ता प्रकृतिका प्रकोपलाई रोक्न पनि सकिन्छ तर प्राकृतिक प्रकोपलाई हामीले माथि भनेजस्तै रोक्न सकिँदैन । मानिसले सिर्जना गर्ने वातावरण र परिस्थितिका कारण यस्ता प्रकोपहरू हुने भएकाले यी प्रकोपलाई हटाउन पनि सकिन्छ । युद्ध र द्वन्द्वको अवस्था मानिसले नै सिर्जना गर्ने हो । त्यसैले मानवनिर्मित प्रकोप या विपद् व्यवस्थापनका लागि समाचारदाताको भूमिकालाई महत्त्वपूर्ण मानिन्छ ।

सामान्यतया प्रकोप विपद् रिपोर्टिङलाई तीन चरणमा अध्ययन या अभ्यास गर्न सकिन्छ । प्रकोप या विपद्अघिको सञ्चार अर्थात् रिपोर्टिङ, प्रकोप भइरहेकै समयको रिपोर्टिङ र प्रकोपपछिको रिपोर्टिङ । प्राकृतिक विपत्तिकाबारेमा पहिले नै जानकारी पाएर समाचारदाताले समाचार त लेख्न सक्दैन । तर पनि त्यसको पूर्वतयारीको सञ्चार भने गर्न सक्छ ।

विपद् आउनुअघि नै सजगता अपनाएर समाचार सम्प्रेषण गर्नसकेमा यस्ता सूचनाहरूबाट नागरिकको ज्यान बच्ने र ठूलो क्षति हुनबाट जोगिन सक्छ । पत्रकारिताको काम क्षति हुन नदिने, क्षति भए पनि क्षतिको न्यूनीकरण गर्ने र क्षति प्रकोप आउनुअगावै पनि नागरिकलाई सजग, सचेत गराउने नै हो । हुन त यस्तो काम सजिलो छैन, त्यसैले पत्रकारिता जटिल जागिर नै हो ।

भूकम्प, बाढी, पहिरो आगलागीजस्ता दैवी तथा प्राकृतिक प्रकोपहरू कहिले र कुनबेला आउँछन् भन्नेबारेमा पत्रकारलाई पहिल्यै थाहा हुने कुरा त भएन तर पनि यस्ता प्रकोपहरू आउन सक्छन् भनेर पत्रकारले ती प्रकोपबाट सामान्यतया बच्नसक्ने सूचना दिँदा त्यसले आममानिसमा ठूलो सहायता पुग्छ । जस्तो कि भोटेकोसीमा ठूलो बाढी आउँदा तटीय क्षेत्रका नागरिकले माथिल्लो भूभागतिर भागेर बाँच्नसक्ने, त्योभन्दा पनि धेरै खोला किनारमा बस्ती नबसाल्नेजस्ता सूचनाले सर्वसाधारणलाई सजग गराउन सक्छ ।

खोलामा घर बनाउनु हुँदैन भन्ने सामान्य जानकारी त सबैमा होला, तर पनि भोटेकोसीको उत्पत्तिस्थलमा ठूला हिमताल रहेका र जलवायु परिवर्तनको प्रभावका कारण ती पग्लिएर क्षति पुऱ्याउनसक्ने सूचना पत्रकारले पहिले नै पनि दिन सक्दछ । भूकम्प कुनबेला आउँछ भन्नेबारेको पूर्वसूचना दिन नसके पनि भूकम्पले पुऱ्याउने क्षतिबारे जानकारी गराएर सुरक्षित संरचना निर्माणमा सूचनाले काम गर्न सक्छ ।

त्यस्तै, भूकम्पपछि कसरी बच्ने, उद्धार कसरी गर्ने, औषधि उपचारको व्यवस्था कस्तो हुने, अस्पतालहरूले त्यस्तो अवस्थामा कसरी काम गर्ने, त्यस्तो आपतका बेलामा खानेपानी, अत्यावश्यकीय सेवाको आपूर्ति कसरी गर्ने भन्नेबारेमा सूचनाबाट व्यक्ति तथा राज्य पनि लाभान्वित हुनसक्छ ।

अर्को चरण हो प्रकोप या विपद्को समयको रिपोर्टिङ । प्रकोप या विपद् भइरहेकै बेलामा गरिने समाचार सम्प्रेषण यसअन्तर्गत पर्दछ । विपद्पूर्वको भन्दाबढी संवेदनशील समय र कार्य दुवै हो । अझ भन्ने हो भने समाचारको मूल्यको हिसाबले हेर्दा यो समयको रिपोर्टिङको महत्त्व र संवेदनशीलता धेरै ठूलो छ किनभने यस्तो बेलामा अत्तालिएका मानिसले आफू बच्ने उपाय तथा कम क्षतिका लागि सहारा खोजिरहेको हुन्छ । यस्तो बेलाको सही सूचनाले कैयौंमा सान्त्वना दिन तथा नागरिकको ज्यान जोगाउन सक्छ । यस्तो समयको सहारा भनेको रेडियो, टिभी नै हुन् र अहिले त्योभन्दा बढी प्रभावकारी सामाजिक सञ्जाल भएका छन् ।

प्रकोपले पत्रकार नचिन्ने भएकाले सबैभन्दा पहिला त आफ्नो ज्यान जोगाएर काम गर्नुपर्छ । यो अरु बेलाकोजस्तो सामान्य अवस्था होइन भनेर बुझ्नुपर्दछ । समाचारदाताहरू सम्भव छ भनेसकेसम्म दुर्घटनास्थलमा पुगेको राम्रो । यसले नागरिकले बच्ने उपायहरू कसरी अपनाएका छन् भन्ने कुरा थाहा हुन्छ । ती उपायको रिपोर्टिङ अन्यत्रलाई पनि काम गर्नेछ ।

जस्तो कि २०७२ सालको भूकम्पका समयमा असन, बागबजार, नयाँ सडकका बाक्लो बस्तीका नागरिकहरू खुलामञ्चमा जम्मा भएका थिए । मिडियाले यो समाचारका साथै सबै नागरिकलाई घर, पर्खाल या कुनै संरचनाको नजिक नबस्न र खुल्ला चौरमा बस्न सुझाव दिएका थिए । नागरिकले के समस्या भोगेका छन्, अत्यावश्यकीय सेवाजस्तो पानी, औषधि या उद्धार सेवा पाएका छन् कि छैनन् भन्नेबारेको सूचना महत्त्वपूर्ण रहन्छ । यस्ता सूचनाले सरकारलाई उद्धारको काम गर्न, अत्यावश्यकीय सेवा पुऱ्याउन सहयोग गर्नेछ ।

कहाँ के कति क्षति भयो, प्रकोप कति सयम रहन्छ, बच्ने कस्ता उपाय अवलम्बन गर्ने, भन्ने कौतुहलमा बाँचिरहेका मानिसलाई सान्त्वनायुक्त सूचनाले काम गर्छ । त्यसैले यस्तो समयको सबैको अभिभावक मिडिया नै मानिन्छ । भूकम्पका समयमा नागरिकका कानकानमा रेडियो झुण्डिएको त हामीले देखेकै हो । त्यस्तो बेलामा नागरिकलाई गलत सूचना दिइयो भने अवस्था के होला ?

यस्तो समयमा सञ्चारकर्मीले आफू पत्रकार होइन कि उद्धारकर्मी नै हुँ भनेर काम गर्नुपर्छ । ऊ आफैंले उद्धारका सामग्री बोकेर जाने होइन कि यस्तो समयमा सुरक्षाकर्मी, उद्धारकर्मी, सरकार, चिकित्सकको आँखा सबैतिर नपुग्न पनि सक्छ र ती आँखा पत्रकारले पुऱ्याइदिनुपर्छ ।

प्रकोपपछिको रिपोर्टिङ अर्को चरण हो र यतिखेर हामी भोटेकोसी बाढीको प्रकोपपछिको यही चरणमा छौं । यो अवस्था भनेको प्राकृतिक प्रकोप भइसकेपछिको तत्कालैको उद्धारबाट सुरु भएर पीडितहरूको पुन:स्थापनासम्मको हो । सुरुमा प्रकोपको तत्कालको उद्धारको कामलाई समाचारदाताले पछ्याउनुपर्छ । त्यसपछिको चरण भनेको दीर्घकालीन रूपमा पीडितलाई पुन:स्थापना गर्ने, राज्यले सहायता दिने र ती भत्किएका या क्षति पुगेका संरचनाको पुनर्निर्माणको काम गर्नेसम्म पर्दछ ।

यो चरणमा के-कति क्षति भयो, कस्तो असर गर्यो भन्ने विभिन्न खालका समाचार, विश्लेषण आउँछन् । त्यसैले यस्तो बेलामा सरकार र सम्बन्धित निकायलाई सही सुझाव दिएर पीडितलाई सहयोग पुऱ्याउने खालका समाचारहरू दिनुपर्दछ । प्रकोप र विपद्मा परेका नागरिकलाई उद्धारपछि राहतको कामका लागि रिपोर्टिङका माध्यमबाट सहयोग गर्नुपर्छ । यहाँनेर आइपुग्दा उद्धारको काम लगभग सकिएर राहत सुरु भएको हुन्छ ।

राहतको काममा सरकारको ध्यान नपुग्न पनि सक्ने भएकाले यस्तो अवस्था आउन नदिनका लागि समाचारले निगरानी गर्नुपर्छ । प्रकोपपीडित नागरिक कहाँ छन्, कस्तो अवस्थामा बसेका छन्, उनीहरूको भौतिक सम्पत्ति के-कति र कसरी गुमेको छ, परिवार गुमाएकाका लागि सरकारले तत्कालका लागि के गर्नसक्छ र गर्नुपर्छ भन्नेबारेमा निरन्तर रूपमा रिपोर्टिङ गर्नुपर्छ ।

परिवारका सदस्य गुमाउने, घरबास गुमाउनेजस्तो पीडामा नागरिक पर्ने भएकाले यस्तो अवस्थामा सरकार उनीहरूको साथमा पुगेको छ छैन, समुदाय या अन्य दातृ संस्थाको सहयोग प्राप्त भएको छ छैन भन्ने विषयमा ध्यान दिनुपर्छ । अब यहाँ तत्कालका लागि प्रदान गरिएको राहत नभएर दिगो तथा स्थायी पुन:स्थापनाका बारेमा पनि प्रेसले सरकार र अन्य सरोकारवालाहरूको ध्यानाकर्षण गराउनुपर्दछ । *रासस*

। सम्पादकीय ।

# भेलबाढी पीडित जनताको गुनासो

भदौ १० गते भोटेकोसी नदीमा आएको भेलबाढीले यतिबेला रसुवा, धादिङ, नुवाकोट, गोर्खा, चितवनलगायत जिल्लामा धेरै जनधनको क्षति गऱ्यो। पीडितको खोजी, उद्धार, राहत र पुन:स्थापनाको लागि धेरैले योगदान गर्दै छन्। तर, भेलबाढी प्रभावित क्षेत्र पुरै दलदल, पैदल जाने अवस्था नभएको, सडक पुरै लेदोमा छोपिएको, हेलिकप्टरबाहेक अन्य विकल्प कठिन भएको अवस्था छ।

सरकारी टोलीको भिड नुवाकोटमा सीमित भएको बाहिरिएको छ भने नुवाकोट विदुर नगरपालिकाका उपप्रमुखले भने उद्धारमा ढिलाइ भइरहेको बताएको पनि सार्वजनिक भयो। रास्वपा सरकारका प्रमुखसमेत नुवाकोटबाट काठमाडौँ फर्किएको सार्वजनिक भयो।

भेलबाढीमा विद्यार्थी र बालबालिका पनि पीडित छन्। हेलिकप्टरमार्फत उद्धार र खाद्यान्न रसुवातर्फ बढी केन्द्रित गरिएको हुँदा नुवाकोटका बालबालिकाको उद्धार हुन नसकेको गुनासो पनि सार्वजनिक भयो। भेलबाढी आएदेखि नै विद्यार्थी र अभिभावक खोलापारि र वारिको अवस्था हुनु पीडादायी नै हो। हेलिकप्टरबाट बालबालिका र अभिभावकलाई एकै ठाउँमा ल्याउन सकिने तर हुन नसकिएको पनि पीडितको गुनासो छ।

सरकारका उच्चपदस्थहरू उद्धार र राहत वितरणको नाउँमा नुवाकोटकेन्द्रित हुँदा सुरक्षाकर्मीहरू उच्चपदस्थको स्वागत र सुरक्षामा खट्नुपऱ्यो। यसले पीडितको उद्धार र पुन:स्थापनामा अवरोध पुगेको पनि स्थानीयवासीको गुनासो रह्यो। सरकारका उच्चपदस्थहरू सडकमार्गबाट आवतजावत गरिएपछि बिचबिचमा सुरक्षाकर्मी थप सक्रिय हुनुपर्ने अवस्था पनि भयो।

केही पीडितको गुनासो छ, "म आफ्नो निजी खर्चमा हेलिकप्टर बुक गरेर काठमाडौँ उपचारमा आउनुपऱ्यो।" आर्थिक क्षमता भएकाहरू केहीको यो पीडा हो तर आर्थिक हैसियत नभएकाहरूको हालत के भयो होला ? भेलबाढीबाट जोगिएका केहीको विपत्ति पर्दा राज्यबाट आवश्यक उद्धार नभएको गुनासो पनि बाहिरियो। अन्नपूर्ण दैनिकको भदौ १२ गतेको अङ्कमा प्रकाशित भयो- सरकारले घटना घटेलगत्तै नेपाली सेना परिचालन गरे पनि रात परिसकेको हुँदा उद्धारमा तीव्रता देखिएन। यति हुँदा हुँदै नेपाली सेनाका जवानहरूले बाढीमा बालुवाले पुरिएकालाई हेलिकप्टरबाट उद्धार गरेको, जलविद्युत् उत्पादनका सुरुङबाट कतिपय कामदारलाई उद्धार गरेको यथार्थ पनि सार्वजनिक भइरहेको छ।

बाढी पहिरो पीडितलाई उद्योगी–व्यापारीहरूबाट सहयोग जुटिरहेको छ। कुमारी बैङ्कद्वारा ३ करोड ३९ लाख, ग्लोवल आइएमई बैङ्कद्वारा ५ करोड रूपैया, एनसेल फाउन्डेसनद्वारा १ करोड, आईएमई लाइफ इन्स्योरेन्सद्वारा १ करोड, एनआइसी एसिया बैङ्कद्वारा २ करोड २१ लाख, एसियन लाइफ इन्स्योरेन्सद्वारा १ करोड १ लाख, सानिमा बैङ्कद्वारा २ करोड २५ लाख, प्रभु महालक्ष्मी लाइफद्वारा ५१ लाख, कामना सेवा विकास बैङ्कद्वारा २५ लाख, मेट लाइफ नेपालद्वारा ३० लाख गरी बिहीबार साँझसम्म निजी क्षेत्रले ४६ करोड ५० हजार रूपैयाँ सहयोग गरेको सार्वजनिक भयो।

सहयोग रकम वा सामग्री साँचो पीडितसम्म पुऱ्याउने जिम्मेवारी सरकारको हो। पहिरो, डुवान, भूकम्पको बेला पीडितको लागि उठाइएका रकम र सामग्री सम्बन्धित जनतासम्म नपुग्ने, यही मौकामा महँगी, कालोबजारिया र जम्माखोरहरू सल्बलाउने विगतको अनुभव नेपाली जनतासँग नभएको होइन। यसकारण, प्रभावित क्षेत्रका जनता थप सचेत हुनु आवश्यक छ। अनियमितताको तत्काल विरोध गर्नु जरुरी हुन्छ।

# फिडेल : मानव जाति खतरामा छ

✍ हेडेलबर्टो लोपेज ब्लाङ्क

खबर डरलाग्दो छ। वैज्ञानिक र राजनीतिज्ञहरूले वर्षौंदेखि यस्तो दिन आउँछ भनेका थिए। सन् २०२६ को वर्ष आधा बितेको छैन। विश्वभरि प्राकृतिक विपत्तिले गर्दा झन्डै १ खर्ब डलर बराबरको क्षति भइसकेको छ। 'स्विस रे संस्थान' ले गरेको अध्ययनको निष्कर्ष हो यो।

भेनेजुयला, कोलम्बिया, इन्डोनेसियाजस्ता देशमा ठुलठुला भूकम्प गइसकेका छन्। उक्त संस्थानको अध्ययनअनुसार 'ल्याटिन अमेरिकालगायत विश्वका विभिन्न स्थानहरू लगातार भूकम्प' को जोखिममा छन्। तिनले एकै झट्कामा धेरै व्यक्ति, समुदाय र स्थानीय अर्थतन्त्र सखाप पार्न सक्ने सम्भावना छ।

युरोपमा तापलहर र खडेरीले धेरै मानिसलाई सताएको छ। युरोपका कैयन् देशको मृत्युदर बढेको छ। चर्को गर्मीले गर्दा सन् २०२६ को गर्मीयाममा जर्मनीमा मात्र १४ हजार मानिसको मृत्यु भयो।

जून महिनाको अन्त्यतिर एकै हप्तामा ९६ सय जर्मन जनताको मृत्यु भयो। एक अध्ययनअनुसार त्यो हप्ता जर्मनीको तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो। उक्त अध्ययन रोबर्ट कोच संस्थानले गरेको थियो।

राष्ट्रिय जनस्वास्थ्य संस्थानले जनाएअनुसार स्पेनमा गर्मीका कारण जून १ गते यता झन्डै ४५ सय मानिसको मृत्यु भयो। त्यसै अवधिमा फ्रान्समा ७३ सय मानिसको मृत्यु भएको फ्रान्सेली स्वास्थ्य अधिकारीहरूले बताएका छन्।

अगस्ट महिनाको अत्यतिर पश्चिम अमेरिकाको ठुलो भूभाग डढेलोको चपेटामा परेको थियो। आगलागी गाउँमा सरेपछि घण्टाभरमै धेरै गाउँ खरानी भएका थिए।

### फिडेलको दूरदृष्टि

यसकारण, क्युवाली क्रान्तिका नेता फिडेल क्यास्त्रोको भनाइ दिन प्रतिदिन सान्दर्भिक बन्दै छ। सन् १९९२ को जून महिनामा ब्राजिलको रियो दि जेनेरियोमा पृथ्वी सम्मेलन भएको थियो। सम्मेलनमा उहाँले उद्घोष गर्नुभएको थियो, "एउटा महत्त्वपूर्ण जैविक प्रजाति हराउने खतरामा छ। मानव जाति नै त्यो प्रजाति हो। मान्छेको प्राकृतिक आधार अहिले द्रुतगतिमा नष्ट हुँदै छ। यो समस्याबारे हालै मात्र हाम्रो आँखा खुलेको हो। जब कि ढिलो भइसकेको छ। वातावरणको अचाक्ली विनाशका लागि मूलत: विकसित समाजहरू दोषी छन् भन्ने तथ्य बिर्सनुहुन्न।"

अक्सफोर्ड विश्वविद्यालयको नेतृत्वमा हालै एउटा अध्ययन भयो। त्यसको प्रतिवेदन 'नेचर सस्टेनेबिलिटी' जर्नलमा प्रकाशित भएको छ। सो प्रतिवेदनअनुसार विश्वको तापमान (१८ औँ शताब्दीको भन्दा) २ डिग्रीभन्दा माथि उक्लियो भने सन् २०५० सम्ममा



पृथ्वीका ३ अर्ब ७९ करोड मानिसहरू चर्को गर्मीमा छटपटिनुपर्नेछ।

यो भनेको सन् २०10 को भन्दा दोब्बर हुनेछ। अर्थात्, जलवायु सङ्कट वैज्ञानिकहरूले अनुमान गरेभन्दा तीव्रगतिमा चुलिँदै छ।

ल्याटिन अमेरिका सबैभन्दा अप्ठ्यारो परिस्थितिमा छ। त्यहाँ



तापमानवृद्धि अझै १.५ डिग्रीमुनि छ।

अनुसन्धानकर्मीहरूले जनताको स्वास्थ्य चरम गर्मीको मारमा पर्ने बताउँदै आएका छन्। तापलहरले गर्दा मृत्युदर र मुटुका समस्याहरू ह्वात्तै बढ्नेछ।

एकपछि अर्को तापलहर र चरम खडेरीले युरोपलाई सनासोले झैँ पक्रेको छ। यसले कृषिमा अभूतपूर्व सङ्कट ल्याएको छ। तरकारी र दलहनको उब्जनीमा ऱ्हास आएको छ। अन्न बालीमा अझ भयावह गिरावट हुने अनुमान छ। बेलायती पत्रिका 'द गार्जियन' मा प्रकाशित एक खबरको निष्कर्ष हो यो।

फ्रान्समा ब्रोकाउलीको उत्पादनमा ६० प्रतिशत, केराउमा ४० प्रतिशत र बन्दामा ५०-१०० प्रतिशत कमी आइसकेको छ। सन् २०२५ मा मकैको उब्जनीमा ३५ प्रतिशत गिरावट आयो। जम्मा ९० लाख टन उत्पादन भयो। यो सन् १९८० यताकै सबैभन्दा न्यून उत्पादन हो।

पशुपालनको पनि त्यही हाल छ। 'द गार्जियन' ले जनाए अनुसार फ्रान्समा दूधको उत्पादनमा १०-१५ प्रतिशत कमी आएको छ। हिउँदका लागि पराल, स्याउला आदिको भन्डारमा ३० प्रतिशत कमी आएको छ। अन्डा उत्पादन प्रतिदिन झन्डै १० लाखका दरले घट्दै छ। तापलहरले गर्दा पन्छीको मृत्युदर बढेको हुनाले अन्डाको उत्पादनमा गिरावट आएको हो।

अरू देशको स्थिति पनि फरक छैन। इटलीका ६० प्रतिशत खेतखलियान खडेरीको चपेटामा छन्। यसले गर्दा कृषि अर्थतन्त्रमा ३.४ अर्ब डलरको क्षति पुगेको छ। स्पेनका धेरै क्षेत्रमा दलहनको उत्पादन ह्वात्तै घटेको छ। सन् २०२६ मा वाइन उत्पादनमा २० प्रतिशत गिरावट आउने अनुमान गरिएको छ।

'डिटियू स्पेस' नामक संस्थाले हालै एक अध्ययन गऱ्यो। प्रतिवेदन जियोफिजिकल रिसर्च जर्नलमा प्रकाशित छ। सो प्रतिवेदनअनुसार आर्कटिक सागर जलवायु परिवर्तनको चर्को मारमा छ। ग्रिनल्यान्डमा हिउँको मात्रामा गिरावट आएको छ। विगत २८ वर्षमा ग्रिनल्यान्डमा बरफ थपिने भन्दा पग्लिने दर बढेको छ। यसले विश्वभरि नै मानव जाति र पर्यावरणमा गम्भीर खतरा ल्याउने प्रतिवेदनको ठहर छ।

ग्रिनल्यान्डको बरफ पृथ्वीकै ठुला ताजा पानीका भण्डारमध्ये एक हो। समुद्री सतहबाट ७.४ मिटरसम्म अग्लो बरफको तह पाइन्छ यहाँ। त्यहाँबाट एक सेन्टिमिटर बरफ पग्लिनुको अर्थ विश्वका तटीय क्षेत्रमा बसोबास गर्ने ६० लाख मानिसहरू डुबानमा पर्नु हो।

यसरी समुद्री किनार डुबानमा परे ठुलो सङ्ख्यामा मानिसहरू विस्थापित हुनेछन्। उनीहरू अग्ला स्थानमा गएर जलवायु शरणार्थी बन्नेछन्।

समुद्रको तापमान बढेसँगै आँधीतुफानको सङ्ख्या पनि बढ्नेछ। तुफानहरू अझ हिंस्रक र खतरनाक हुनेछन्। ती तुफानले सहरहरूलाई उजाड्नेछन्, बालीनाली बिगार्नेछन्, भौतिक पूर्वाधार ध्वस्त पार्नेछन्। सर्वत्र रोग, भोक र शोक बढ्नेछ।

त्यही भएर हामीले बरोबर फिडेल क्यास्त्रोलाई पढ्नुपर्छ। उहाँले रियो दि जेनेरियोमा गर्नुभएको भविष्यवाणी सबैलाई सुनाउनुपर्छ। उहाँले जोड दिएर आफ्नो मन्तव्य राख्नुभएको थियो, "प्रतिवर्ष वनजङ्गल हराउँदै छन्। मरुभूमि बढ्दै छन्। अरबौँ टन उर्वर माटो समुद्रमा थुप्रिँदै छ। असङ्ख्य प्रजातिहरू लोप हुँदै छन्। जनसङ्ख्याको चाप र गरिबीले गर्दा बाँच्न हम्मेहम्मे पर्दै छ। प्रकृतिको दोहन गर्दा पनि यो मुश्किल टरेको छैन। यसका लागि तेस्रो विश्वका मुलुकहरूलाई दोष दिन मिल्दैन। हिजो जो कसैका उपनिवेश थिए, आज अन्यायी विश्व अर्थव्यवस्थाले गर्दा तिनीहरू शोषित छन्, लुटिएका छन्।"

आज यो प्रश्न सोध्नुको विकल्प छैन - यो खतराका लागि सबैभन्दा जिम्मेवार विकसित भनाउँदा देशहरूले के परिस्थितिको सामना गर्लान् ? अथवा, आफ्नो घाँटीघाँटी नआउञ्जेल उनीहरूले चुपचाप रमिता हेर्लान् ?

*(लेखक क्युवाली पत्रकार हुन्। उनी 'संरा अमेरिकामा क्युवाली प्रवासी', 'अफ्रिकामा क्युवाली डाक्टरहरूको गुप्तकथा' र 'मायामी माने फोहर पैसा' जस्ता पुस्तकका लेखक हुन्।)*

**स्रोत : एमआर अनलाइन**
**अनुवाद : सम्यक**

# परीक्षा प्रणालीमा गम्भीर त्रुटि

'मजदुर' दैनिकमा भदौ ११ गते प्रकाशित पाठक पत्रले एक अभिभावकको मनमा केही विषय उठ्यो। १०-१२ वर्ष अध्ययनपश्चात् दिइने एसईई परीक्षाको कापी नै हराई दिएको घटनाले हाम्रो परीक्षा प्रणालीमा गम्भीर त्रुटि रहेको स्पष्ट हुन्छ।

केही दशक अघिसम्म पैसा दिएर परीक्षामा पास हुनसक्ने हल्ला थियो। एक-दुई जनाले त्यसरी नै पास गरेको सपना सुनाएका थिए। परीक्षा केन्द्रमा नै कापी जाँच परेपछि यस्तो हुनसक्ने सम्भावना बढेको तर्फ सरोकारवालाको ध्यान गएको छ कि छैन ?

पूरक परीक्षाको कापी शिक्षा विकास तथा समन्वय एकाइमा जाँच गर्छ। सीमित (केही) विद्यार्थीको कापी पनि सुरक्षित गर्न नसक्ने अधिकारीले



पाठक पत्र

कसरी शिक्षा विकासको लागि जिल्लाभरि समन्वय गर्ला ? भौगोलिक र यातायातले सजिलो भक्तपुर जिल्लामा समेत यस्तो घटना हुन्छ भने दुर्गम र यातायातको पहुँच नभएको जिल्लामा के भयो होला ?

एसईई परीक्षालाई केन्द्रीय स्तरमा सञ्चालन गर्दा त यो हालत भयो भने सात प्रदेशलाई जिम्मेवारी दिए के हविगत होला ? शिक्षामन्त्रीले सबै विद्यार्थी आफ्नै छोरा-छोरी सम्झेर समस्याको समाधानमा लाग्नु पर्छ। शिक्षा मन्त्रालय र मातहतका निकायको सानो लापरबाहीले विद्यार्थीहरूको भविष्य बिग्रने गर्छ। केही विद्यार्थी त आत्महत्याको बाटोसमेत समात्ने गर्छन्। यस्तो संवेदनशील विषयमा शिक्षामन्त्री र मन्त्रालयको ध्यान नजानु भनेको हाम्रो नयाँ पुस्ताको भविष्यमाथिकै खेलबाड किन होइन ?

गल्ती र कमजोरी भए समयमै सुल्झाउनुपर्छ। नियतबस गर्ने गल्ती र कमजोरीले देशको भविष्य नै अन्धकार हुनेतर्फ सचेत हुनु जरुरी छ। एक अभिभावकको नाताले हाम्रा विद्यार्थीको भविष्यमाथि खेलबाड गर्ने छुट कसैलाई छैन।

- शुक्र

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्पपछि सरकारले राष्ट्रिय पुन:निर्माण प्राधिकरण गठन गरी अनुदान माग्न काठमाडौँमा विदेशीको भेला गरेको थियो। अहिले भदौ १० गते आएको भेलबाढीलगत्तै रसुवा, धादिङ, नुवाकोट, गोर्खा, चितवन जिल्लामा जनधनको ठुलो क्षति भयो।
- भूकम्प प्राधिकरणजस्तै प्राकृतिक विपद् प्राधिकरण बनाउनुपर्ने चर्चा चलाइँदै छ। वास्तवमा भूकम्प प्राधिकरणको प्रभावकारिता नै थिएन। स्थानीय तहले नै भूकम्पपछि पुन:स्थापनाको अधिकांश कार्य सम्पन्न गरेको हो। कतिपय भूकम्प पीडितहरू अहिलेसम्म घर बनाउन असमर्थ भएबाट भूकम्प प्राधिकरण निकाय असफल नै भएको पुष्टि हुन्छ।
- जल तथा भूगर्भविद्हरूले भदौ १० गते बुधबार नै नेपाल-चीन सिमानाको नेपालतर्फ भीषण हिम चट्टान पहिरो आएको र माथिल्लो क्षेत्रमा अझै हिम पहिरो तथा तालको जोखिम बाँकी रहेको चेतावनी दिए पनि नेपाल सरकारले प्रतिनिधिसभामा 'भूकम्पको कारण हिम पहिरो गएको' र सिमानाको ल्हेन्दे खोला थुनिएर २० लाख घनमिटरभन्दा बढी पानीको 'अस्थायी ताल' फुटेर भोटेकोसीमा भेलबाढी आएको दाबी गरेको थियो। हिम पहिरो खसेपछि मात्र भूकम्पजस्तो कम्पन गएको यथार्थ सरकारलाई कसरी पुगेन ?
- अन्नपूर्ण दैनिक भदौ १२ गतेको अङ्कमा प्रकाशित भयो- भदौ १० गते बुधबार बिहानै औपचारिक रूपमा तालमा पानी थपिँदै आएको र थप ३० लाख घनमिटर पानी जम्मा हुनसक्ने तथ्याङ्क सार्वजनिक गर्दा काठमाडौँमा सरकार जानकारी नभएको जवाफ दिन्थ्यो। पेइचिङको सूचना नेपाल सरकारले आधिकारिक पुष्टि गर्न घण्टौँ लगाउनु दुई देशबिचको विपद् कूटनीति असफल हुनु हो। के यसको जिम्मेवार सरकार हुनुपर्दैन ?
- भदौ १० गते भोटेकोसीमा आएको भीषण भेलबाढीको कारण नेपालको रसुवा, धादिङ, नुवाकोटलगायत जिल्लामा भएको जनधनको क्षतिमा ३८९ वटा शव फेला परेको र अझै सयौँ बेपत्ता र हजारौँ विस्थापित भएको अवस्था छ। यही मौकामा पीडितको खोजी, उद्धार, राहत र पुन:स्थापनाको लागि विश्वव्यापी प्रख्यात संस्था 'क्राउड फन्डिङ प्लेटफर्म गोफन्डमी' मा दर्जनौँ सङ्घसंस्था तथा व्यक्तिहरूबाट पैसा जम्मा गरिएको सार्वजनिक भयो।
- चितवनस्थित नारायणी नदीको शिवघाटमा बाढीले बगाएर ल्याएको एक महिलाको शवको घाँटीबाट सुनको गहना लुट्ने, नारायणी नदीको दायाँबायाँ ज्यानको समेत परवाह नगरी ग्यास सिलिन्डर निकाल्ने, नदीले उछिट्याएर ल्याएका माछा टिप्नेमा झगडा र तँछाड मछाड गरेको सामाजिक सञ्जालमा आए। यी घटना लुटेपछि, खोसेपछि, नतिरेपछि आफ्नो हुने व्यक्तिवादी वा पुँजीवादी विकृतिको परिणाम हो। समाजको नेतृत्वमा उत्पादन र वितरण हुने व्यवस्थामा मात्र यो पुँजीवादी विकृति अन्त्य हुने स्पष्ट विषय शासकहरू बुझ्न किन चाहँदैनन् ?

# न्गुएन थि डिन्ह (Nguyen Thi Dinh)

मेरो नाम न्गुएन थि डिन्ह हो तर क्रान्तिको विभिन्न अवस्थाहरूमा भिन्नाभिन्नै नामहरू प्रयोग गरेकी छु । मेरो घर भियतनाममा बेन्ट्री (Bentre) प्रान्तको गुओन ट्रोम (Giong Trom) जिल्लाको लुङ्ग ह्वा गाउँमा छ । म एक गरिब किसान परिवारबाट आएकी हुँ । मेरो दस दाजुभाइ र दिदीबहिनीहरूमध्ये म सबभन्दा कान्छी हुँ । यसकारण, मलाई सबैले उट् (कान्छी) भनेर बोलाउँथे ।

मेरो सारा परिवार किसान हुन् । मैले १९३० को विद्रोहमा भाग लिएकी थिएँ । त्यसबेला ठुलो दमन भएको थियो । मेरा एक जना दाजु जेल पर्नुभयो । त्यसबेला म एघार वर्षकी थिएँ । तिनीहरूले मेरो दाजुलाई समातेपछि शत्रुले आतङ्क सुरु गर्‍यो । त्यसैले, मैले धनी किसानहरूको विरोधमा लड्न सुरु गरेँ । म साह्रै सानो थिएँ । मलाई केही पनि थाहा थिएन । तर, म आतङ्कको विरोध गर्थें । मेरो दाजु जेलबाट छुट्नु भएपछि उहाँले मलाई खास गरेर राजनैतिक कुराहरू सिकाउनुभयो । सन १९३५ मा मैले क्रान्तिकारी आन्दोलनमा भाग लिएँ र त्यस आन्दोलनका नेताहरूले मलाई समचारेको रूपमा स्वीकार गरे । त्यसबेला मैले के जानिसकेको थिएँ भने हामीले फ्रान्सेली र धनी किसानहरूको विरोधमा क्रान्ति गर्नु छ ।

क्रान्तिको निम्ति राम्रो समय आयो - फ्रान्सेली कम्युनिस्ट पार्टीले सरकारमा भाग लियो र हामी भियतनाममा खुला भएर लड्न सक्ने भयौँ । म एक प्रचारक र कार्यकर्ता भएँ । सन् १९३८ देखि १९४५ सम्म म क्रान्तिकारी सङ्गठनकी एक क्रियाशील सदस्य भएँ । सन् १९३९ मा फ्रान्सेलीहरूले दमनलाई चर्काएको थियो । त्यसबेला फ्रान्सेली कम्युनिस्ट पार्टीले पनि क्षति व्यहोर्नुपर्‍यो । हामीले एक प्रजातान्त्रिक मोर्चा बनाउने निर्णय गर्‍यौं । सन् १९३९ को दमन फ्रान्सेली उपनिवेशवादीहरू र तिनीहरूका पिछलग्गूहरूद्वारा चलाइएको थियो । ती पिछलग्गूहरूले सबै चिनिएका कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने काम गरे । अलि अलि गरेर गुप्त रूपले काम गर्ने कार्यकर्ताहरूसमेत गरिफ्तार गरिए । क्रान्तिसँग सम्बन्ध नै नभएका थुप्रै किसानहरूलाई पनि तिनीहरूले गिरफ्तार गरे । सन् १९४० मा म जेल परेँ । दुई वर्षअघि मात्रै मेरो विवाह भएको थियो । तर, सन् १९३९ मा नै मेरो लोग्ने जेल परिसक्नुभएको थियो । उहाँ सन् १९४२ मा जेलमै बित्नुभयो । सन् १९४० मा म जेल पर्दा मसँग ६ महिनाको बालक थियो । तर, तिनीहरूले त्यस बालकलाई मसँगै जेलमा राख्न दिएनन् । म एकदम डरलाग्दो घना जङ्गलको बारा (Ba-ra) कारागारमा थिएँ ।

कारागारमा सबै गरेर एक हजार राजनैतिक बन्दीहरू थिए जसमध्ये सय जना आईमाई थिए । सन् १९४३ मा मलाई मुटुको रोग भयो र म छोडिएँ । म मेरो गाउँबाट बाहिर जान सक्दिनथेँ, कठपुतली पुलिसले मेरो चेवा निरन्तर गरिरहन्थ्यो र मसँग कसैले मित्रता गर्नासाथै त्यसलाई गिरफ्तार गर्थ्यो । सुरुमा मैले क्रान्तिकारी सङ्गठनसँग सम्बन्ध राख्न सकिनँ । तर, म जनता (खास गरेर किसान) सँग लगातार घनिष्ठ भई नै रहेकी थिएँ । सन् १९४४ मा मात्रै नेताहरूसँग मेरो सम्पर्क रह्यो र सङ्घर्षलाई चालू राखेँ । मैले भेट मिन्ह (Viet Minh) मोर्चामा काम गरेँ र सन् १९४५ को जनविद्रोहमा भाग लिएँ । त्यसपछि मेरो काम लगातार मोर्चामा भयो । म प्रान्तीय महिला सङ्गठनको समितिका सदस्यको रूपमा चुनिएँ ।

मेरो परिवार गाउँको स्कूलबाट धेरै टाढा थियो । यसकारण, सानीमा कहिल्यै स्कूल जान पाइनँ । म गरिब परिवारबाट भएको हुनाले प्रान्तीय स्कूलमा जाने आशा त झनै गर्न सक्दिनथेँ । सन् १९३५ मा मैले मेरो क्रान्तिकारी गतिविधि सुरु गर्दा म लेखपढ गर्न जान्दिनथेँ । विद्रोहपछि खाली एक महिनाको निम्ति कोचिन-चीन (CochinChina) मुक्त भयो ।

राष्ट्रिय मुक्ति मोर्चाको सशस्त्र सेनाको प्रधान कार्यालयको राजनैतिक विभागको कार्यालयका न्गुएन थि डिन्हले बताए । उनले एक किसानी लुगा लगाएकी थिइन् । कालो-सेतो बुट्टाको सानो ओढ्ने र रबरको चट्टी लगाएकी थिइन् । उनले कपाल डल्लो गरेर पछाडि जुरो बाटेकी थिइन् । तिनी बिस्तारै बोल्थिन् र तिनले पहिलेको सङ्घर्षका सुरुका वर्षहरूको बयान गर्दा उनको भावना लुकाउन सक्दिनथेँ । हामीलाई थाहा थियो कि उनी नै बेन्ट्रे प्रान्तमा हतियार उठाउने पहिलो व्यक्ति हुन् । उनी नै त्यस आन्दोलनका



नेतृ पनि थिइन् । हामीले आशा गरेका थियौँ कि तिनले आफैले उनको कामको विषयमा बताइदिन्थे । तर, तिनी यति नम्र थिइन् कि तिनले त्यस विषयलाई छोडिन् र हामीले नै त्यस विषयमा बताउन अनुरोध गर्नुपर्‍यो । उनी हाँसिन् र भन्दै गइन्, “विद्रोह सन् १९५५ अगस्ट २६ मा भएको थियो । २३ सेप्टेम्बरको दिनदेखि रक्षात्मक लडाइँ सुरु भयो । बेन्ट्रीमा हामी शत्रुसँग लड्यौँ र प्रान्तलाई ५ महिनासम्म कब्जामा राख्यौँ । सन् १९४५ डिसेम्बर १२ को दिन शत्रुले आफ्ना सेनाहरू त्यहाँ केन्द्रित गर्‍यो र केही दिनपछि प्रान्तमा कब्जा गर्‍यो । हामी जङ्गलमा लुक्यौँ र शत्रुको विरोधमा जनतालाई उठाउन प्रचार कार्य गर्‍यौँ । हाम्रो लडाइँ प्रभावशाली थियो र एकै वर्षभित्र अर्थात् सन् १९४८ देखि सन् १९४९ सम्ममा हामीले बेन्ट्रीको दुईतिहाइ भागलाई मुक्त गर्‍यौँ । सन् १९५० मा शत्रुले त्यो क्षेत्र फेरि एकचोटि कब्जा गर्‍यो ।

फेरि एकचोटि क्रान्तिकारीहरू जङ्गलमा फर्के र सङ्घर्ष चालू राखे । त्यस समयमा मुक्त गाउँहरू थिएनन् । अरु नेताहरू र म व्यक्तिगत रूपले जनतालाई विद्रोहको लागि उत्साहित गर्न जनतामाझ काम गर्न थाल्यौँ ।

सन् १९४६ मा दक्षिणको क्रान्तिको विषयमा रिपोर्ट दिन राजनैतिक सङ्गठनले मलाई हनोई पठायो । त्यसबेला केही पहाडहरू मात्रै मुक्त भएको थियो । बाटो कठिन र खतरनाक थियो, जहाँतहीँ शत्रु थिए । समुद्र र राजमार्गबाट मात्रै जानसक्ने सम्भावना थियो । तर, अन्तमा मैले हनोई पुग्ने र होचि मिन्ह भेट्ने व्यवस्था गरेँ ।

नोभेम्बरमा उहाँले मलाई दक्षिणमा मात्र मालसामान पठाउने कामको जिम्मा दिनुभयो । मैले दस टन हतियार फु एन (Phu Yen) भन्ने ठाउँमा ल्याएँ । त्यो स्वयम् एक वास्तविक ऐतिहासिक यात्रा साबित भयो ।

परिस्थिति एकदमै तनावपूर्ण थियो । हवाई हमला हुँदै थियो र जलपोतले सय डुङ्गाहरू डुबाइदिएको थियो । डुङ्गाको यात्रा डरलाग्दो थियो । आँधी चल्यो तैपनि म सुरक्षित रूपले मेरो प्रान्तको किनारामा पुगेँ । त्यस्तो अवस्थामा पनि शत्रुले कहिल्यै छोडेन । हामीलाई इलाका चिन्नै गाह्रो भइरहेको थियो । तर, हामीले एक समचारे भेट्टायौँ र अन्तमा पुग्यौँ । यो कथा भनिएको यो पहिलोपटक हो ।

हतियार आइपुगेकोले हाम्रा सशस्त्र सेनाहरू खुसीले गद्गद् भए । बेन्ट्री प्रान्त सन् १९५० देखि सन् १९५३ सम्म कब्जा गरिएको थियो । सन् १९५१ मा मलाई जनताको जीवनसँग भिज्न आदेश दिइयो र जङ्गल नभएको माकाइ (Macai) सहरको जिम्मा दिइयो । तर, त्यो प्रान्त दमनले दबाइएको थियो र परिस्थिति धमिलो थियो । हाम्रा कामरेडहरू दिउँसो तारको रुखमा लुक्न बाध्य थिए र त्यसमा महिलाहरू चिउँदोसम्म पानी आउने सुरुङमा गुप्त रूपले बस्नुपर्दथ्यो ।

एकचोटि म भूमिगत थिएँ, शत्रुले मलाई भेट्टायो र सुरुङमा जाने ढोका खोज्न थाल्यो । यदि तिनीहरूले सुरुङभित्र लुकेको कसैलाई समात्ने योजना बनाए भने तिनीहरूले उसलाई त्यहीं मारिदिन्थे र उसको कलेजो निकालेर ६०० रूपैयाँ (पियास्टर) मा बेच्थे । अन्तमा, तिनीहरूले मलाई पक्राउ गरिहाले तर एकै मुखले सबै जनताले दाबा गरे कि म ‘भूमिगत’ वाला होइन । तिनीहरूले मलाई मारेनन् तर बडो निर्यतापूर्वक पिटे । तिनीहरूले मलाई क्रान्तिकारी कार्यकर्ता हो कि भनेर सोधे । मैले होइन, म साधारण एक किसान हुँ भन्ने जवाफ दिएँ । त्यसैबेला केही शत्रु हाम्रो नियमित सेनासँग भिड्न पुग्यो, जनताको मद्दतले मैले भाग्ने र सुरुङमा लुक्ने मौका पाएँ ।

तिनीहरूले मलाई फेरि खोजे तर जनताले म अर्कै ठाउँमा भागिसकेको कुरा तिनीहरूलाई बताए । शत्रुले मलाई क्रान्तिकारी नेता भनेर फेरि खोजीनीति चालू राखे तर मैले राति भाग्ने मौका पाएँ । त्यस दिन तिनीहरूले आफ्नो फौज पठाएँ र बाह्र जवान कामरेडहरूलाई गोली ठोकेपछि दुई जना अरु कम्युनिस्टहरूलाई समेत मारेर तिनीहरूको कलेजो निकाले ।

सन् १९५२-१९५३ को बेला हामीले केही इलाका र जनताको ठुलो सङ्ख्यालाई मुक्त गरेका थियौँ । त्यस प्रान्तको आन्दोलन धेरै बलियो थियो । अनि फेरि मैले बेन्ट्रीमा फर्किने आदेश पाएँ । शान्ति स्थापना गरिसकेपछि नेतृत्वले मलाई त्यहीं प्रान्तमा रहेर जेनेवा सम्झौता लागू गराउन र जनतालाई शत्रुको विरोधमा सङ्गठित गर्न तिनीहरूसँगै काम गर्ने निर्णय गर्‍यो । अनि म बेन्ट्री सङ्गठनको प्रधानको रूपमा नियुक्त भएँ । सेना र मिलेसियाजस्ता विभिन्न सङ्गठनहरूमा काम गर्ने मेरा धेरैजसो कामरेडहरू उत्तर गए र दक्षिणमा एक सानो दलमात्रै बाँकी रह्यो । सन् १९५८-५९ मा प्रान्त, सहर र गाउँ-गाउँका नेताहरू गिरफ्तार गरिए ।

बेन्ट्रीमा १५५ गाउँहरूमध्ये ३० वटा मात्रै हाम्रो थियो । तीनचौथाइ क्रान्तिकारी नेताहरू गिरफ्तार गरिए । यस्तो पनि एउटा नगर थियो जहाँ हाम्रो एक जना मात्रै साथी थियो । त्यसबेला हामीले सशस्त्र सङ्घर्ष होइन राजनैतिक सङ्घर्षको तरिका अपनाइरहेका थियौँ ।

फ्रान्सविरोधी रक्षात्मक लडाइँमा शत्रुलाई म को हुँ ? भन्ने कुरो थाहा भयो र मलाई मार्न खोजेका थिए । जेनेवा सम्झौतापछि पनि तिनीहरूले त्यहीं काम गर्न खोजे तर तिनीहरूले म उत्तरतिर छु भन्ने विचार गरेर मलाई खोज्न छोडे । सन् १९५४ र १९५६ को बिचमा जनताको मद्दतले मैले मेरो नाम र ठेगाना बदल्दै गएँ । सन् १९५७ मा जासुसहरूले दक्षिणमा मेरो उपस्थिति पत्ता लगाए । मलाई समातेर ल्याउनेलाई ५ लाख रूपैयाँ (पियास्टर) इनाम घोषित गरियो र मलाई मार्नेलाई एक लाख इनाम घोषित गरियो । मेरो तस्बिर जहाँतहीँ थियो तर जनताले नै धेरै कठिनाइको बेलामा मेरो जीवन बचाइदिए र मलाई पक्राउ हुनबाट बचाए ।

न्गुएनको कथा शत्रुको हवाईजहाजहरूबाट मनपरी खसालेका बमहरूको विस्फोटले मात्रै रोकिन्नथ्यो । निरन्तर रूपले भियतनामी वीरङ्गनाले भन्दै गइन् -

सन् १९५७ देखि १९५९ सम्म क्रान्तिकारीहरूको निम्ति परिस्थिति तनावपूर्ण थियो । खास गरेर मजस्ता आईमाईको निम्ति यस्तो दुःख थियो कि तिनले कहिले पनि आफ्नो घरमा सुत्न सक्दैनथे । शत्रुले लुक्ने खाल्डाहरू कहाँ छन् भन्ने कुरो पत्ता लगाए र मैले ताडको रुखहरूको टुप्पोमा सुत्न परेको थियो ।

यदि कुनै परिवारले मलाई आश्रय दिएको थाहा पाए भने तिनीहरू गिरफ्तार हुन्थे र तिनीहरूका सारा सम्पत्ति जफत हुन्थ्यो । बिनाहातहतियार जङ्गल पस्नु खतरनाक थियो । म जनतासँग झन्झन् घनिष्ठ रूपले बस्न कोसिस गर्थें र पक्राउबाट बच्न म किसान - व्यापारीको रूप बनाउँथेँ अनि म कसैको घरमा बस्दा म त्यस घरकी बिरामी छोरीको रूपमा बस्थेँ । त्यस परिवारले मलाई बचाउँथ्यो र म खुब सुँकसुँक रुन्थे । जनविद्रोह हुनुभन्दा पहिले अग्रदूत सङ्गठनले मलाई जनतालाई सशस्त्र बनाउने र सशस्त्र सङ्घर्षको प्रस्तावबारे प्रचार गर्न नियुक्ति गर्‍यो । मेरो प्रान्तमा मैले त्यसको नेतृत्व गरेँ र पछि समय आउनासाथै सशस्त्रलाई उपयोग गर्ने अनुमति पाएँ । त्यो पनि सुख्खापछि आएको पानीको वर्षा साबित भयो । क्रान्तिकारीहरू खुसी भए । हामीसँग हतियार थिएन तर हामीसँग प्रशस्त अनुभव थियो, शत्रुको हतियार कसरी हात पार्ने र सफलतापूर्वक विद्रोहलाई सञ्चालन कसरी गर्ने हो भन्ने कुरा हामीलाई थाहा थियो ।

बेन्ट्री (Bentre) को विद्रोहमा खास गरेर सैनिक पक्षको नेतृत्व मैले नै गरेको थिएँ । हाम्रा नाराहरू यस प्रकार थिए -

१. शत्रुको राजनीतिक चौकीहरूलाई ध्वस्त पार्न र जनताका आफ्ना जग्गा फिर्ता लिन जनताको क्रान्तिकारी भावनालाई चर्काऊ ।

२. शत्रुको हातहतियार छिन्न जनताका गुप्तीहरूलाई प्रयोग गर र त्यसलाई हाम्रा सशस्त्र शक्तिहरूमा पठाऊ ।

३. हरेक ठाउँमा शत्रुलाई सुरक्षा अनुभव नगराउनको निम्ति गतिविधिलाई निरन्तरता देऊ ।

४. सकेसम्म छिटो हाम्रो सशस्त्र शक्तिहरूलाई विकास गर ।

५. सशस्त्र सङ्घर्ष सँगसँगै राजनैतिक सङ्घर्षलाई पनि अगाडि लैजाऊ ।

सन् १९६० डिसेम्बर २० को दिन म बेन्ट्रीको क्रान्तिकारी सङ्गठनको पहिलो सचिव र प्रान्तको सैनिक प्रमुखको रूपमा काम गर्दै थिएँ । सन् १९६१ को अन्तमा म राष्ट्रिय मुक्ति मोर्चाको प्रमुख कार्यालयको उपाध्यक्ष भएँ र सेनाको प्रमुख भएँ । सन् १९६४ मा राष्ट्रिय मुक्ति मोर्चाकी प्रमुख सैनिक कार्यालयको उपाध्यक्ष (Millitary Chief of staff) र महिला समितिका अध्यक्ष भएँ ।

दक्षिण भियतनामको सशस्त्र मुक्ति सेनाको उपप्रमुख सेना नेतृले अन्तमा भन्नुभयो -

मेरो क्रान्तिकारी जीवनले २० वर्ष ओगटेको छ । मैले धेरेचोटि मेरो जीवनको माया मारिसकेको थिएँ । पहिलोचोटि मेरो लोग्ने बित्नुभयो । पछि मेरो छोरो उत्तरमा गयो । धेरै भएको छैन । मेरो छोरो पनि मारिएको मैले थाहा पाएँ । मैले फेरि विवाह गरेँ र दुई तीन वर्षमा मेरो लोग्नेसँग मैले एकचोटि मात्रै भेटेकी छु । उहाँ पनि एक क्रान्तिकारी नेता हुनुहुन्छ । म धेरैचोटि मरिसक्ने थिएँ । समुद्रमा आँधी बेहरी आउँदा र सुरुङमा मलाई शत्रुहरूले पक्राउ गर्दा म धेरैचोटि जनताको सहयोगबाट बाचेँ । मेरो व्यक्तिगत जीवनमा मैले धेरै दुःख भोगेकी छु । तर, मलाई सङ्गठन र जनताको शिक्षाले मैले आफ्ना दुःखकष्टमाथि विजय पाउन सकेँ । त्यसको निम्ति सङ्गठन र जनताप्रति म कृतज्ञ छु । मेरो लोग्ने जेलमा परेको सुन्दा मलाई ठुलो चोट परेको थियो; सन् १९६० मा मेरो एक्लो छोरो मरेको सुन्दा पनि । मेरो छोरो जिउँदो भएको भए अहिले ऊ २५ वर्षको भयो होला । अहिले म केन्द्रीय कार्यालय (General Staff) को सदस्य हुँ र म मेरो देशको सेवा गर्न सक्षम छु । एक साधारण आईमाईलाई यस्तो ठाउँमा पुर्‍याउन मलाई शिक्षित गरेकोमा म क्रान्ति र क्रान्तिकारी कार्यकर्ताहरूप्रति आभारी छु ।

क्युवाली ऐक्यबद्धता समितिको तर्फबाट मैले क्युवा भ्रमण गर्ने निमन्त्रणा तपाईंहरूमार्फत पाएकी छु । वीर क्युवाली जनता, मेजर फिडेल क्यास्ट्रो, पार्टी र सङ्गठनका अन्य नेताहरूलाई निम्तोको निम्ति धन्यवाद दिन चाहन्छु । क्युवाली जनताले भियतनामी लडाकुहरूलाई आफ्नै वीरहरूको रूपमा सोचेको हुनाले म अत्यन्त प्रभावित भएकी छु । मेरा सफलताहरू मेरो व्यक्तिगत सफलता होइन । त्यो सफलता क्रान्ति, जनता र हाम्रा क्रान्तिकारी नेताहरूको सफलता हो । परिस्थितिले साथ दियो भने, प्रधान कार्यालय (General Staff) र क्रान्तिकारी नेतृत्वले मलाई अनुमति दियो भने म फिडेल क्यास्ट्रो र क्युवाली जनतालाई भेट्न त्यस निम्तो स्वीकार गर्नेछु भन्ने कुरा म क्युवाली जनतालाई वचन दिन चाहन्छु ।

धेरै धेरै धन्यवाद !

**अतुलनीय महिला सेना नेतृ**

***(सन् १९६१ को अन्तदेखि न्गुएन थि डिन्ह Nguyen Thi Dinh दक्षिण भियतनाम मुक्ति सशस्त्र सेनाको उपसेना नेतृ हुनुहुन्थ्यो । तीन महादेशीय (Tri-continential) भन्ने भियतनामी जनताको समर्थनमा क्युवाबाट निस्कने ७ नं., १९६८ को अङ्कमा क्युवाली ऐक्यबद्धता समितिका प्रतिनिधिहरू मार्टा रोजर्स (Marta Rojas) र राउल भाल्डेस भिभो (Raul Valdes Vivo) ले दक्षिण भियतनामको एक ठाउँमा न्गुएन थि डिन्हसँग अन्तर्वार्ता लिएका थिए । उहाँले आफ्ना अनुभवहरू ती क्युवाली मित्रहरूलाई बताउनुभएको थियो । तर, नेपाली महिला जागरणको निम्ति त्यो अन्तर्वार्ता न्गुएन थि डिन्हको अनुभव आज पनि नेपाली महिलाहरूको लागि प्रेरणादायी हुने र सान्दर्भिक हुने भएकोले प्रस्तुत गरिएको छ । -सं.)***



तीव्रगतिको बाढी र पहिरोका कारण क्षतिग्रस्त भएको नेपाल–चीन सीमा क्षेत्रस्थित चीनको सिजाङ (तिब्बत) स्वशासित क्षेत्रको सिगात्से जिल्लाको केरुङ गाउँमा स्थलगत निरीक्षणमा चिनियाँ प्रधानमन्त्री एवं चिनियाँ कम्युनिस्ट पार्टी पोलिटब्युरो स्थायी समितिका सदस्य लि छियाङलगायत चिनियाँ र सिजाङका पदाधिकारीहरू अगस्ट २८, २०२६ शुक्रबारको बिहान । प्रधानमन्त्री छियाङले पूर्ण उद्धार र सहायता कार्य गर्न चिनियाँ अधिकारीहरूलाई निर्देशन दिनुभएको थियो । *तस्बिर : सिन्हवा*

# चीनको साथबिना इरानमाथि दबाब कठिन

पेइचिङ, २८ अगस्ट (एएफपी) । संयुक्त राज्य अमेरिकाले इरानको अर्थतन्त्रलाई थप दबाबमा पार्ने तयारी गरे पनि चीनको सहयोगबिना तेहरानलाई प्रभावकारी रूपमा आर्थिक रूपमा अलग गर्न कठिन हुने विश्लेषकहरूले बताएका छन् ।

मध्यपूर्वमा युद्ध सुरु भएको करिब छ महिनापछि वासिङ्टनले इरानविरुद्ध प्रतिबन्ध विस्तार गर्ने तयारी गरेको छ । अमेरिकी अधिकारीहरूले इरानलाई सहयोग गर्ने राष्ट्र तथा संस्थामाथि समेत कारबाही गर्ने चेतावनी दिएका छन् । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले चीनलाई अमेरिकी अभियानमा सहकार्य गर्न आग्रह गर्नुभएको छ ।

तर, चीनले तेहरानसँगको आफ्नो सहयोगको बचाउ गर्दै आफ्ना आर्थिक तथा रणनीतिक हितको रक्षा गर्ने स्पष्ट पारेको छ । आगामी सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति सी चीनफिङले अमेरिकी राजधानीको भ्रमण गर्ने तयारी भइरहेका बेला इरानको विषयले चीन–अमेरिका सम्बन्धमा थप तनाव उत्पन्न गर्न सक्ने देखिएको छ ।

सिङ्गापुरस्थित नानयाङ टेक्नोलोजिकल युनिभर्सिटीका राजनीतिक वैज्ञानिक डिलन लोहका अनुसार इरानलाई पूर्ण रूपमा आर्थिक रूपमा अलग गर्न अमेरिकालाई चीनको सहयोग आवश्यक पर्नेछ । चीन इरानी तेलको प्रमुख खरिदकर्ता हो र दुई देशबिचको व्यापारको ठूलो हिस्सा चिनियाँ मुद्रा रेन्मिन्बीमा हुने भएकाले अमेरिकी प्रतिबन्धको प्रभाव सीमित गर्न सकिन्छ ।

युद्धअघि इरानले दैनिक लाखौँ ब्यारेल तेल निर्यात गर्ने गरेकोमा ठूलो हिस्सा चीन पुग्ने गरेको थियो । वासिङ्टनस्थित सेन्टर फर युरोपियन पोलिसी एनालिसिसका फेलो निनो लेजावाका अनुसार तेल इरानको प्रमुख आर्थिक आधार हो । चिनियाँ तेल खरिद घटे पनि त्यसबाट प्राप्त आम्दानी इरानका लागि महत्त्वपूर्ण रहेको फुदान विश्वविद्यालयका प्राध्यापक सन देगाङले बताउनुभयो ।

चीनले इरानसँग व्यापार र वैकल्पिक भुक्तानी प्रणाली कायम राखिरहे मात्र पनि अमेरिकी प्रतिबन्धको प्रभाव कमजोर पार्न सकिने लेजावाको भनाइ छ । अमेरिकाले इरानसँग कारोबार गर्ने चिनियाँ बैङ्कमाथि समेत प्रतिबन्ध लगाउन सक्ने सङ्केत दिएको छ । यसै साता इरानलाई ‘महत्त्वपूर्ण प्रविधि’ उपलब्ध गराउन सहयोग गरेको आरोपमा केही चिनियाँ संस्थामाथि प्रतिबन्ध लगाइए पनि प्रमुख चिनियाँ वित्तीय संस्थामाथि भने व्यापक कारबाही गरिएको छैन ।

प्राध्यापक सनले चिनियाँ कम्पनीमाथि निरन्तर प्रतिबन्ध लगाएर अमेरिकाले पेइचिङबाट इरानविरुद्ध सहयोगको अपेक्षा गर्न नसक्ने बताउनुभयो । चीनको विदेश मन्त्रालयले पनि इरानसँगको सहयोग अन्तर्राष्ट्रिय कानुनको दायराभित्र रहेको र त्यसमा बाह्य हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पारेको छ ।

हर्मुज जलडमरुको अवरोधबाट चीनले समेत आर्थिक असर भोगिरहेको छ । कमजोर घरेलु उपभोगका कारण आर्थिक दबाबमा रहेको चीनले इरानसँगको व्यापार पूर्ण रूपमा रोक्दा थप समस्या निम्तिन सक्ने विश्लेषकहरूको भनाइ छ । सिङ्गापुरस्थित नेसनल युनिभर्सिटीका सहयोगी प्राध्यापक चोङ जा इयानका अनुसार अमेरिकी प्रतिबन्ध कार्यान्वयनमा सहयोग गर्न चीनसँग खासै कारण छैन ।

जापानस्थित सोका विश्वविद्यालयका प्राध्यापक तथा पूर्वी एसिया विज्ञ लिम ताई वेईका अनुसार इरानविरुद्ध प्रभावकारी विश्वव्यापी अभियान सञ्चालन गर्न वासिङ्टनले चीनलाई सहभागी गराउन पर्याप्त प्रोत्साहन दिनुपर्ने हुन सक्छ । फेलो लेजावाका अनुसार इरानलाई सहयोग गर्दा हुने रणनीतिक तथा आर्थिक लाभभन्दा त्यसको लागत उल्लेखनीय रूपमा बढी भएमा मात्र चीन अमेरिकी अभियानमा सहभागी हुने सम्भावना छ ।

# बाढीको जोखिमपछि तिब्बतमा उद्धार रोकियो

पेइचिङ, २८ अगस्ट (एएफपी) । चीन–नेपाल सीमा क्षेत्रमा बाढीको जोखिम बढेपछि चीनले तिब्बतमा जारी खोज तथा उद्धार अभियान अस्थायी रूपमा रोकेको छ । पहिरो गएको दुई दिनपछि सयौँ व्यक्ति बेपत्ता रहेका बेला उद्धार टोलीलाई सुरक्षित स्थानमा फर्काइएको सरकारी सञ्चारमाध्यमले जनाएको छ ।

सरकारी प्रसारक सिसिटिभीका अनुसार पहिरोपछि बनेको विशाल तालको पानी उद्धार टोली परिचालित क्षेत्रतर्फ फैलिन थालेपछि टोलीलाई तत्काल उद्धार रोक्न र थप निर्देशन पर्खन भनिएको हो । प्रभावित क्षेत्रमा प्रवेश गरिसकेका आपत्कालीन टोलीलाई समेत करिब एक किलोमिटर पछाडि हटाइएको छ ।

बुधबार तिब्बतको सीमावर्ती केन्द्र ग्यिरोङमा माटो र भग्नावशेष खसेपछि पानी थुनिएर ताल बनेको थियो । लगातार वर्षाका कारण आगामी तीन दिनमा तालको जलस्तर थप बढ्न सक्ने अनुमान गरिएको छ । जलस्तर बढ्दा तालमा दरार पर्न सक्ने र त्यसबाट तल्लो क्षेत्रमा बाढी पस्दा ग्यिरोङ बन्दरगाहलगायतका स्थानमा थप क्षति हुन सक्ने जोखिम रहेको सिन्ह्वाले जनाएको छ ।

शुक्रबारसम्म विपद् क्षेत्रबाट ४९९ चिनियाँ र ५५५ विदेशी नागरिकलाई सुरक्षित स्थानमा सारिएको छ । उद्धारकर्मीले ड्रोनबाट तयार गरिएको थ्रीडी मोडल, तापीय तस्बिर प्रविधि तथा म्यानुअल खोजीमार्फत बेपत्ताको खोजी जारी राखेका छन् ।

आपत्कालीन इन्जिनियरिङ टोलीले तालको अवस्था नजिकबाट निगरानी गरिरहेको छ । बाढीको जोखिम कम भएपछि खोज तथा उद्धार अभियान पुनः सञ्चालन गरिने अपेक्षा गरिएको छ ।

# अमेरिका–जापानसँग कोरियाको सैन्य अभ्यास

सियोल, २८ अगस्ट (एएफपी) । प्रजग (उत्तर) कोरियासँग संवाद पुनः सुरु गर्न खोजिरहेको अमेरिकाले दक्षिण कोरियासँगको वार्षिक सैन्य अभ्यासको अवधि घटाए पनि सियोलले अमेरिका र जापानसँग संयुक्त सैन्य अभ्यास गर्ने भएको छ ।

दक्षिण कोरियाका संयुक्त चिफ अफ स्टाफ (जेसीएस) का अनुसार तीन देशले सेप्टेम्बर ७ देखि ११ सम्म जेजु टापुको पूर्व र दक्षिणतर्फको अन्तर्राष्ट्रिय जलक्षेत्रमा ‘फ्रिडम एज’ अभ्यास सञ्चालन गर्नेछन् । अभ्यासमा समुद्री क्षेप्यास्त्र प्रतिरक्षा, हवाई तथा वायु प्रतिरक्षा, पनडुब्बीविरोधी युद्ध र साइबर प्रतिरक्षासम्बन्धी गतिविधि समावेश हुनेछन् ।

जेसीएसले अभ्यास उत्तर कोरियाको आणविक तथा क्षेप्यास्त्र खतराको सामना गर्न र क्षेत्रीय शान्ति तथा स्थायित्व कायम गर्न तीन देशले वार्षिक रूपमा गर्दै आएको रक्षात्मक अभ्यास भएको बताएको छ । सन् २०२३ को क्याम्प डेभिड शिखर सम्मेलनपछि पहिलोपटक सन् २०२४ जुनमा ‘फ्रिडम एज’ अभ्यास आयोजना गरिएको थियो ।

अमेरिकी प्रशान्त कमान्डकी प्रवक्ता लेफ्टिनेन्ट कमोडोर क्लो मोर्गनले अभ्यासले तीन देशबिचको अन्तरक्रियाशीलता बढाउँदै प्रशान्त क्षेत्रमा रक्षा साझेदारी सुदृढ गर्ने बताए ।

दक्षिण कोरियाले भने इरानसँगको युद्धका कारण अमेरिकी सैन्य स्रोत तथा जनशक्तिमा परेको दबाबलाई कारण देखाउँदै अर्को संयुक्त अभ्यास ‘साङ्योङ’ रद्द गरेको छ ।

तर, उत्तर कोरियाले सैन्य अभ्यासप्रति असन्तुष्टि जनाउँदै जवाफी कदम र क्षेप्यास्त्र प्रहारको चेतावनी दिँदै आएको छ ।

## विश्व सङ्क्षेप

# तिब्बत पहिरोपीडितको उद्धारमा सीको निर्देशन

पेइचिङ, २८ अगस्ट (सिन्हवा) । चीनका राष्ट्रपति तथा चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव सी चीनफिङले तिब्बतको जिराङ काउन्टीमा भएको विनाशकारी पहिरोमा बेपत्ता चिनियाँ तथा विदेशी नागरिकको खोजी तथा उद्धारलाई तीव्रता दिन निर्देशन दिनुभएको छ । उहाँले प्रभावितको पुनःस्थापना र राहत कार्यलाई प्रभावकारी बनाउन पनि जोड दिनुभएको छ ।

चिकपा केन्द्रीय समितिको राजनीतिक ब्युरोको शुक्रबार बसेको बैठकमा राष्ट्रपति सीले उद्धार तथा राहत कार्यबारे छलफल गर्दै आवश्यक व्यवस्था गर्नुभएको हो । बैठकको सुरुआतमा सीसहित नेताहरूले बुधबार केरुङ सीमावर्ती बन्दरगाह क्षेत्रमा भएको विपद्का पीडितप्रति शोक व्यक्त गर्दै एक मिनेट मौनधारण गर्नुभएको थियो ।

बैठकले उद्धार कार्यलाई द्रुत, व्यवस्थित र समन्वयात्मक रूपमा अघि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिएको छ । परिवर्तनशील मौसम, भिरालो भूभाग, हिमनदी तथा हिमताल र सम्भावित भूगर्भीय जोखिमका कारण उक्त क्षेत्रमा उद्धार कार्य चुनौतीपूर्ण रहेको बैठकमा उल्लेख गरिएको छ ।

सम्बन्धित सबै निकायले वैज्ञानिक ढङ्गले खोज तथा उद्धार योजना तयार गरी बेपत्ता सबै चिनियाँ तथा विदेशी नागरिकको खोजीमा सक्दो प्रयास गर्नुपर्नेमा बैठकले जोड दिएको छ । प्रभावित नागरिकको पुनःस्थापना तथा विपद्पछिको व्यवस्थापनलाई समेत प्रभावकारी बनाउन निर्देशन दिइएको छ ।

चीनले नेपालको विपद् प्रभावित क्षेत्रमा आपत्कालीन सहायता उपलब्ध गराउनुका साथै आवश्यक अन्तर्राष्ट्रिय उद्धार सहयोग प्रदान गर्ने बैठकमा बताइएको छ ।

# कैलाश तीर्थयात्रामा बाढीको असर

पेइचिङ, २८ अगस्ट (एपी) । नेपाल–चीन सीमा क्षेत्रमा आएको भीषण बाढीपछि बेपत्ता भएकामध्ये कैलाश पर्वतको तीर्थयात्रामा गएका भक्तजनसमेत रहेको बताइएको छ । नेपाल र तिब्बतमा बाढी तथा पहिरोबाट सयौँ व्यक्ति बेपत्ता भएपछि कैलाश क्षेत्रको तीर्थयात्रा प्रभावित भएको हो ।

दक्षिणपश्चिमी तिब्बतमा चीन–नेपाल र भारतको सीमाना नजिकै रहेको कैलाश पर्वत समुद्र सतहबाट छ हजार ४०० मिटरभन्दा बढी उचाइमा छ । मानसरोवर ताल नजिक रहेको यो पर्वत हिन्दू, बौद्ध, जैन तथा तिब्बती बोन परम्पराका अनुयायीका लागि पवित्र मानिन्छ । हिन्दू धर्ममा कैलाशलाई भगवान् शिव र देवी पार्वतीको निवास तथा बोन परम्परामा आध्यात्मिक शक्तिको केन्द्र मान्ने धार्मिक विश्वास छ ।

तीर्थयात्रीहरू सामान्यत : कैलाश पर्वत आरोहण नगरी करिब ५३ किलोमिटर परिक्रमा गर्ने गर्छन् । यो यात्रा पूरा गर्न करिब तीन दिन लाग्न सक्छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीले घडीको दिशामा र बोन अनुयायीले विपरीत दिशामा पर्वतको परिक्रमा गर्ने परम्परा छ । मानसरोवरमा केही हिन्दू तीर्थयात्रीले धार्मिक शुद्धिका लागि स्नान गर्ने तथा मार्गमा रहेका मठ र पवित्र स्थलमा पूजा–प्रार्थना गर्ने गर्छन् ।

भारत सरकारले हरेक वर्ष जुनदेखि अगस्ट वा सेप्टेम्बरसम्म उत्तराखण्ड र सिक्किम हुँदै कैलाश मानसरोवर तीर्थयात्रा सञ्चालन गर्छ । निजी सञ्चालकले नेपाल हुँदै पनि तीर्थयात्रा आयोजना गर्ने गरेका छन् ।

यसपटकको विपद्मा भारतका कम्तीमा १७८ जना बेपत्ता रहेको र तीमध्ये अधिकांश कैलाश तीर्थयात्रामा गएको विश्वास गरिएको छ । अमेरिका, अस्ट्रेलिया, बेलायत र क्यानाडाका नागरिकसमेत बेपत्ता भएको बताइएको छ ।

# बेलायती सैन्य प्रतिष्ठानमा आक्रमण गर्ने रुसी चेतावनी

मस्को, २८ अगस्ट (एएनआई) । युक्रेनले रुसी भूभागभित्र टाढासम्म प्रहार गर्न बेलायती लामो दूरीका क्रुज मिसाइल प्रयोग गरेमा युक्रेनभित्र र बाहिर रहेका बेलायती सैन्य प्रतिष्ठान तथा उपकरणमा आक्रमण गर्ने चेतावनी रुसले दिएको छ ।

रुसी विदेश मन्त्रालयकी प्रवक्ता मारिया जाखारोभाले बिहीबार मस्कोमा आयोजित पत्रकार सम्मेलनमा बेलायतले आफ्नो वर्तमान नीति परिवर्तन नगरे ‘विनाशकारी परिणाम’ भोग्नुपर्ने चेतावनी दिनुभयो । उहाँले बेलायत नागरिक लक्षित ‘आतङ्कवाद’ मा संलग्न हुनबाट ‘एक कदम टाढा’ रहेको दाबी गर्दै बेलायती नेताहरूलाई शत्रुतापूर्ण र आक्रामक नीति तत्काल त्याग्न आग्रह गर्नुभयो ।

रुसको चेतावनी युक्रेनले रुसी नियन्त्रणमा रहेको डोनेट्स्कस्थित सपिङ सेन्टरमा बेलायतले उपलब्ध गराएको स्टर्म स्याडो मिसाइलबाट आक्रमण गरेको आरोप लगाएको भोलिपल्ट आएको हो । उक्त आक्रमणमा बालबालिकासहित सर्वसाधारण घाइते भएको मस्कोको दाबी छ ।

बेलायतका प्रधानमन्त्री एन्डी बर्नह्यामले अगस्ट २४ मा युक्रेनको स्वतन्त्रता दिवसका अवसरमा युक्रेन भ्रमण गरेपछि दुई देशबिचको तनाव थप बढेको हो । युक्रेन र फ्रान्सले स्थानीयस्तरमा मिसाइल उत्पादन तथा एसेम्बली लाइन स्थापना गर्ने प्रयास गरिरहेका बेला बेलायतले एससिएएलपी क्रुज मिसाइलमा प्रयोग भएका बेलायती सामग्रीसम्बन्धी वर्गीकृत सूचना सार्वजनिक हुन सक्ने विषयमा जानकारी दिएको थियो । एससिएएलपीको प्रहार क्षमता १५५ माइलभन्दा बढी रहेको बताइएको छ ।

## नेपालीलाई विपत्तिमा पार्दै नपार्नू !

✍ स्नेह

भदौ १० गते
भोटेकोसीमा भेलबाढी आयो
बाढी मापनयन्त्र के भयो ?
सरकारको ढङ्ग कसरी पुगेन ?
रसुवा, धादिङ, नुवाकोट,
चितवन, गोरखा जिल्लाका
बस्ती बजार कसरी डुब्यो ?
जनधनको क्षति कति भयो ?

ए सरकारका जिम्मेवारहरू !
खोजी, उद्धार, राहत,
उपचार र पुन:स्थापनामा
ढिला भएको गुनासो के हो ?
अनियमितता र पक्षपात
भयो कि कतै !?
सहयोग पीडितसम्म पुगेन कि !?
भ्रष्टाचार कतै भयो कि !?

ए सरकारहरू !
नेपालको भूगर्भअनुसार
सुरक्षित ठाउँमा बस्ती बसाल्नू !
नेपालीले कति पीडा भोग्नु ?
जोखिम क्षेत्र नदी किनारामा
बस्ती बसाल्दै नबसाल्नू !
नदीको बहाव नाप्ने
हाइड्रो ल्याव चाँडो बनाउनू !
अब उप्रान्त नेपालीलाई
विपत्तिमा पार्दै नपार्नू !

*(२०८३ भदौ १२ गते)*

## हरियो पृथ्वी

✍ अभय श्रेष्ठ

पातै झरे अर्को वर्ष फेरि आउला
रुखै ढले कहाँ बस्ला पात, कहाँ हाँगा पलाउला

म तिम्रो गाँस हुँ, तिम्रो चैनको बास हुँ
म तिम्रो आस हुँ, तिमीभित्रको सुवास हुँ
चिन्यौ कि चिनेनौ, कि नचिनेझैँ गर्‍यौ
म तिम्रो संसार हुँ, तिमीभित्रको सास हुँ ।

नङ गए लुगाजस्तै फेरि आउला
हातै गए कहाँ बस्ला औँला, कहाँ नङ पलाउला ?

म हरियाली हुँ, म प्रकृति, कीटपतङ्ग हुँ
म सभ्यता, जिन्दगी जिउने एक ढङ्ग हुँ

चिन्यौ कि चिनेनौ, कि नचिनेझैँ गर्‍यौ
म तिम्रो जिन्दगीको अभिन्न अङ्ग हुँ

बाली मरे अर्को पाला फेरि लाउँला
माटै मरे कुन गर्भमा बस्ला बीउ, कहाँ बाली लगाउला !

म सहकार्य, म सहजीवन, म अखण्ड हुँ
तिमी छौ यति उद्दण्ड, म सभ्यताको सुगन्ध हुँ
चिन्यौ कि चिनेनौ, कि नचिनेझैँ गर्‍यौ
म हिमाल, रुख, नदी हुँ, म नीलकण्ठ हुँ ।

बाटो गए बाटोबिना वनैवन हिँडुँला
धर्ती गए कहाँ रहला बाटो, कहाँ जीवन पाउँला !

## राष्ट्रिय खेलाडीको पीडा

✍ सृजना प्रजापति

आधा पेट खाएर खेलेका हुन्छन्,
डाइट खाना त परै जाओस् ।
पदक जितेको दिनमा
आफूसँग हुँदैन घर फर्किन भाडा ।
तर, साथीहरू सोध्छन्,
जितेकोमा बधाई, मिठाइ खोइ ?

कुनै खेलाडीले पाउँछन् लाखौँ पुरस्कार,
कुनैले सक्दैन खान र खेलकुद सामग्री किन्न ।
फलाकिन्छ खेल स्वास्थ्यको आधार हो,
राष्ट्रको नाममा खेलेकाले पाउँछन् तिरस्कार ।
छैन भविष्य भनी खेलकुद छोडेपछि,
पैसा त कमाउँलान् तर, स्वास्थ्य खोइ ?

भनिन्छ, खेलाडी भविष्यका कर्णधार,
तर, खेल्ने कि पढ्ने ?
खेलमैदानबाट सधैँ विद्यालय जान हतार ।
विद्यालयमा तिर्ने पैसा नहुँदा,
राष्ट्रिय खेलाडी चिन्दैनन् कसैले ।
बेच्न खोजे पदकहरू किन्ने ग्राहक खोइ ?

नेपालमा खेलाडीलाई न सम्मान छ न प्रोत्साहन,
“खेलेर जित्छु तर जितेर के पाइन्छ ?”
भन्ने निराशाबाहेक केही छैन ।
कसैले भन्थे, ‘मरेपछिको सम्मान के काम’
तर, केही प्रख्यात खेलाडीबाहेक,
राष्ट्रिय खेलाडी मर्दा पनि कसले लियो उसको नाम खोइ ।

## प्रकृति यति किन निष्ठुरी

✍ कृष्णश्वरी फोजू

संसार आज ढुङ्गेयुग पार गर्दै आएको छ
सङ्घर्ष गरी आधुनिक कालमा प्रवेश भएको छ
सबै मुनष्यको खुसीले हृदय सल्बलाएको छ
कमाउने रमाउने र सुख पाउने आशा पलाएको छ ।

कता कता प्रकृति तिमी निष्ठुरी भएको त होइन ?
अनायास निर्दोष प्राणीको ज्यान तिमीले लिएको किन ?
खाउँखाउँ र लाउँलाउँको उमेर धेरैले गुमाइरहेको छ
आफ्नो मानस्पटलभरिको आशाको दियो जलाइरहेको छ ।

लौ न यता भुइँचालो आयो भन्छन् निष्ठुरी
लौ न उता बाढी पहिरो पस्यो भन्छन् बेस्सरी
सबैको मनमुटु छिया छिया बनाएको छ
मनभित्रका सारा आकाङ्क्षाहरू भसाएको छ ।

अतीतका कुरालाई केही क्षण स्मरण गर्दागर्दै
वर्तमान काल केही आनन्द छ हजुर भन्दाभन्दै
निष्ठुरी बनेर हाहाकार र चित्कार मचायौ
विश्वभरिका सम्पूर्ण जनमानसको मुटु कपायौ ।

जगतमा चमत्कारी ल्यायो भनी सम्बोधन नर्दागर्दै
प्रगति र विकासका लक्ष्यहरू अगाडि सार्दासार्दै
निष्ठुरी प्रकृति बनेर धर्तीलाई चुर्लम्मै डुबायौ
पसिना र परिश्रमको फल बाढी बनी सलल बगायौ ।

जसरी भोकमेटी रमाएर दौडन्छ वनजङ्गलका कस्तुरी
तिमी पनि त्यसरी नै रमाएर ओर्लियो महा निष्ठुरी
यति नीच बन्ला भनेर हामी कसैले सोचेनौँ
तिम्रो अविरल घमण्डलाई हामी कोहीले रोक्न (छेक्न) सकेनौँ ।

मान्छेले गल्ती गर्‍यो भने त हामी सम्झाउँछौँ
अज्ञानीलाई ज्ञानको ज्योति फैलाएर अगाडि बढाउँछौँ
तिमीजस्तो निष्ठुरी प्रकृतिलाई कसले सम्झाउलान् ?
तिम्रो ठुलो गल्तीले भविष्यका कर्णधार अब कहाँ कहाँ पुग्लान् ?

ए निष्ठुरी प्रकृति अब तिम्रो त्यो घमण्ड अवश्य तोड
तिम्रा ती सबै मनका विकारहरू आफ्नै मनभित्रै फोड
जति पनि जीवित प्राणी छन् स्वतन्त्र बाँच्ने अधिकार देऊ ।
तिम्रा ती कालरूपी भयानक छालहरू अब टक्क रोकिदेऊ ।

## श्रद्धाञ्जली एक साहित्यसेवीप्रति !

✍ न्हुछेरत्न वुद्धाचार्य


दुर्गालाल श्रेष्ठ

प्राचीन ऐतिहासिक नगर कान्तिपुरका
एक चेतनशील साहित्यसेवी
विद्याको सागरका लगनशील शिक्षासेवी
नेपालभाषाका एक चम्किलो तारा ।

जीवनको प्रत्येक मोडमा रत्तिभर नथाकी
साहित्य सेवा, शिक्षा सेवामा जीवन अर्पण गरेर
युगान्तकारी परिवर्तनको लागि
सशक्त रचनाकार कहलिएका
प्रतिभाशाली, मिलनसार जनकवि दुर्गालाल श्रेष्ठ ।

तिम्रो सङ्घर्षशीलता, तिम्रो इमानदारीता
यो नवयुगको आकाशमा
प्रगतिशील भावनाको प्रतीक हुन
तिमीले देखाएका भाषा सेवाका रेखाहरू
कोर्नेछन् भोलिका नव भाषासेवीहरूले

तिम्रो न्यायपूर्ण आवाजका शब्दहरू
यो जनमानसमा सधैँ सम्झिरहने छन्
सदियौँदेखि अँध्यारो पथमा

जीवनभर ज्ञानको प्रज्ञा प्रज्वलन गरेको
केवल सामाजिक सेवाको लागि
तर,
यो अनित्य संसारमा
एक दिन यो नश्वर शरीरको मृत्युवरण हुन्छ
सायद यो प्रकृतिको नियम

दिवङ्गत आत्माको चिरशान्तिको कामना गरी
हाम्रो यो श्रद्धासुमन
यो धरतीमा सधैँ सम्झिरहने छन्
तिमी यो विशाल जनमानसमा
सदासर्वदा अमरदीप भएर चम्किरहने छन् ।

## सुख दु:खमा साथ रहौँ !

✍ साहिंला

भदौ १० बिहान नौ नबज्दै
अचानक वितण्डा
भोटेकोसी भेलबाढीको
विभत्स ताण्डव ॥

बस्ती-बस्ती स्कूल बगायो
मानव, पशुधन सबै
पूर्वाधारहरू हेर्दाहेर्दै लग्यो

गल्र्यामगुर्लुम्म ॥

मनको पीडाले बग्यो आँसु
आफन्तको बेपत्ताले
किन हामीमाथि थोपरिन्छन्
अनेक विपत्ति ॥

देशी विदेशी पाहुनाहरू कति

तिर्खालु भक्तालु पनि
राष्ट्रसेवक कर्मचारीहरू
अफिस कार्यालयहरू ॥

क्षणभरमा तहस नहस
जनधनको विनास
नेपाली देशभक्त हामी
बढौँ न साथ रही ॥

## गुन्हि पुन्ही

✍ चन्द्रलाल भोमी

नौको महत्त्व रहेको नवौँ पुन्हि पुन्ही
नौ थरी गेडागुडीको क्वाती खाने क्वाती पुन्ही
नौ इन्द्रिय, नौ द्वारसँग सम्बन्धित जनै पूर्णिमा
श्रावण शुक्ल पूर्णिमाको पावन दिन यो पूर्णिमा ।
रक्षाबन्धन छ यस दिन ऋषि तर्पणी पनि
कुम्भेश्वर, गोसाइँकुण्ड, पशुपति, स्वयम्भू मेला पनि
गुरु वृहस्पतिबाट इन्द्रले बाँधेको रक्षा डोरकको दिन
पुरोहितबाट रक्षाबन्धन बाँधी सुरक्षित रहने दिन ।
रोपाइँ सकेको खुसीमा गीत गाउँछ ‘सिन्हाज्या’ को
चलन छ यसै दिनदेखि गीत गाउने ‘सिलुम्ये’ को
महत्त्व भ्यागुताको पनि छ खेती किसानीको काममा
यसैले प्रचलन छ ‘व्याँ जा नकेगु’ यस दिनमा ।

लघु कथा

## गाईजात्रा

✍ विद्या

आज गाईजात्राको दिन हो । बजारको मठ, मन्दिर र पाटीमा बसेर दिदी बहिनीहरू हजुरआमा, बुबाहरू गाईजात्रा हेरेर रमाउँदै थिए । त्यहींनिर साथी सृष्टि र बबिता हाकुपटासी र गहनामा सजिएर पाटीमा बसेर गाईजात्रा हेर्दै थिए । उनीहरूको अगाडिबाट एक टोली गाईजात्रा जाँदै थियो । त्यो गाईजात्राको टोलीलाई देखेर साथी सृष्टिले बबितालाई भनिन्, ‘छ्या ! हेर त कस्तो नाचेर आएको । न रङ्ग छ न ढङ्ग छ । न संस्कृति छ न संस्कार छ । न हास्यव्यङ्ग्य छ न कुनै सन्देश छ । बोली, आवाज, पहिरन हेर्नु त च्याटेको, फाटेको छोटा कपडा जङ्गली युगको जस्तो छ । यो त संस्कृति होइन विकृति भयो । होइन बबिता ?

सृष्टिको विचारलाई समर्थन गर्दै बबिताले भनिन्,‘ त्यो त हो । यो गाईजात्रा हाम्रो देशको महत्त्वपूर्ण सांस्कृतिक मौलिक पर्व हो । यो बच्चादेखि बुढाबुढी सबैलाई अति मनपर्ने रमाइलो जात्रा हो । त्यही भएर विश्वका जनताले सञ्चार माध्यमबाट हेर्छन्, रमाउँछन् भनेर किन बुझ्न सकिएन ? योभन्दा अगाडिको टोली हेर्नु त कति राम्रो छ । त्यसमा चाल, हाउभाउ, भेषभूषा, गरगहना अनि सन्देश सबै छ । त्यसमा कला, संस्कृति सबै छन् । त्यस्तो पो, गाईजात्रा हुनुपर्छ होइन सृष्टि ? गाईजात्रा हेर्दा हेर्दै भोक पनि लाग्यो भन्दै दुबै क्वाती खान गए ।

## भिखारी

✍ मनबहकी लाल

भिखारीहरू आए
नव-युगका मसिहा बनेर
मानिसहरूलाई अज्ञान, अशिक्षा र
निर्धनताबाट
मुक्ति दिन ।
अद्भूत वाक्कला, लेखनशैली र
साङ्गठनिक क्षमता भएका
स्वस्थ-सुदर्शन-सुसंस्कृत भिखारीहरू आए
हाम्रो गाउँ बस्तीमा ।
जसरी एसिया-अफ्रिका-ल्याटिन अमेरिकाका
सम्पूर्ण गरीबबिच
जसरी यान र वाहनमा चढेर पुगेका थिए
त्यसरी नै उनीहरू आइपुगे हाम्रोबिच ।
भीख, दया, समर्पण र भयको संस्कृतिका
प्रचारक
पुराना लक्ष्यहरूभन्दा यो फरक छ
जसरी यसका दाताहरू पनि
आफ्ना पुर्खाभन्दा भिन्न छन् ।
फरक थिए ती सर्वोदयी निवेदकहरू
भन्दा पनि
जसको गान्धीवादी कछाडमा रहिरहन्छ
(र, आज पनि रहेको छ)
विदेशी अनुदानको नारा
भिखारीहरू आए विभिन्न टोली-टोलीमा ।
कसैले पश्चिमको आफ्नो वैभवशाली
दाताको
महिमा गायो,
कसैको दाबी थियो
मैले लुटेराहरूलाई मूर्ख बनाएर
पैसा लिएर ल्याएको छु
जनहितका लागि
जनक्रान्तिका लागि र
जनक्रान्तिको तयारीका लागि ।'
केहीको भनाइ थियो
क्रान्तिको तयारीको बोझ
यो देशका गरिब जनताको थाप्लोमा नपरोस्
त्यसकारण, उनीहरूले भिखबाट
संशाधन जुटाउने नवीन तरिका निकालेका छन् ।
कसैको भनाइ थियो-
क्रान्ति अझै धेरै टाढा छ
त्यसकारण, त्यतिञ्जेलसम्मको लागि
केही सुधार गर्नुपर्छ
सहुलियत दिइनुपर्छ
दलित, शोषित र उपेक्षितको जीवनमा एक
सीमासम्म
र, त्यो गरेको शुल्कको सट्टा
नेता, नोकरशाह बन्ने अधर्म नगरी
पुरस्कारस्वरूप
आफ्ना लागि पनि केही जुटाउनुपर्छ ।
घर, गाडी आदि केही आरामदायी सामानहरू
जनताका लागि यो नर्कजस्तो देशमा
उनी स्वयं यहाँ आएका छन्
के यो अनुचित होला र ?
आफ्ना छोराछोरीलाई अमेरिका पढाउनु
केहीको भनाइ थियो
अशिक्षित हुनु नै हाम्रो दुर्भाग्यको मूल हो ।
अत:, उनीहरू हामीलाई पढाउन आएका
छन्
स्वास्थ्य र परिवार नियोजनबारे बताउन
आएका छन् ।
केहीको भनाइ थियो
हामी एउटा सहकारी संस्था बनाएर
उत्पादन गरौँ
त्यसो गरे हाम्रो सम्पूर्ण समस्या समाधान
हुनेछन् ।
कसैले भने,
ट्रेड युनियनहरूले गर्न नसकेको काम
हामी आफै गरेर देखाउने छौँ
राज्यसत्ता त चन्द्रमा माग्नुजस्तै हो ।
उनीहरू हामीलाई सुक्का, मोहरका लागि
नयाँ तरिकाले लड्न सिकाउने रे ।
केही भन्दै गए
दोष अदालत, पञ्च भेला-कानुन र
सरकारको होइन,
दृष्टिकोण, अशिक्षा
हाम्रो गाउँलेपनको हो ।
अत: उनीहरू हामीलाई जनअधिकार
संविधान र श्रम कानुनबारे पढाउनेछन् ।
अनि हामीले थाहा पाउनेछौँ ।
हामीले सरकारसँग के माग्ने ?
हामी एकै स्वरमा माग्नेछौँ ?
हाम्रा निवेदन हेरेर
हाम्रो गर्जनबाट बिउँझिने छ सरकार,
डराउनेछ,
अनि हामीले पाउनेछौँ, जे चाहेका छौँ ।
भिखारीहरूले हामीलाई सम्झाए
यदि सरकार आफ्नो जिम्मेवारीहरू पूरा
गर्न सक्दैन भने
हामी किन उसको मुख ताक्ने ?
यदि ऊ हामीलाई काम दिन सक्दैन भने
हामीले नै किन कुनै काम नगर्ने ?
यदि उसले सबै कल-कारखाना
पुँजीपतिहरूलाई दिन्छ
र, पुँजीपतिवर्ग हामीलाई रोजगारी दिँदैन
भने
किन स्वयं नै कुनै उद्यम सुरू नगर्ने ?
अब पनि यदि हाम्रो गुजारा चल्दैन भने
हाम्रा आवश्यकताहरू किन कम नगर्ने ?
प्रगतिको कुरा सोच्न किन बन्द नगर्ने ?
चरम पर्यावरणवादी बनेर
किन प्रकृतिको काखमा शरण नलिने ?

भिखारीहरू बेरोजगार युवाहरूलाई भन्छन्-
तिमीहरू हामीसँग आऊ
हामी तिमीलाई जनताको सेवा गर्न सिकाउँछौँ,
तलब थोरै दिन्छौँ
तर, बेरोजगार भत्ताभन्दा उत्तम हुन्छ
र त्यो भर्पाईका निम्ति
जनताको सेवकको पदवी दिनेछौँ ।
स्थायी जागिर त होइन,
तर बिना कुनै कठिनाइ
क्रान्तिकारी बनाउनेछौँ,
बाध्यताले गर्नुपरेको समर्पणको
प्रशस्त मूल्य दिनेछौँ ।
उमेर पुगेका, निराश र थाकेका
क्रान्तिकारीहरू आऊ ।
हामी तिमीहरूलाइ स्वर्गको बाटो देखाउँछौँ ।
आऊ सल्बाटर्नहरू
आऊ सबै उत्तर-मार्क्सवादी, उत्तर-नारीवादी
आदि
आऊ, आफ्नो ज्ञान र अनुभवबाट
एनजीओ दर्शनका नयाँ-नयाँ शस्त्र र शास्त्र
प्रतिपादन गरौँ ।'
भिखारीहरूले आहवान गरे ।'
दाता एजेन्सीहरूका लागि तयार भयो
नयाँ प्रतिवेदन लेख्न बसे ।

भिखारीहरूले भिखलाई नयाँ गरिमा दिए ।
भूमण्डलीकरणको युगमा
त्यसलाई अन्तर्राष्ट्रिय प्रतिष्ठा दिए ।
भिखारीहरूले क्रान्ति र परिवर्तनको
नयाँ परिभाषा रचे
भिखारीहरूले भने- बिर्स, पैबन्द र कुर्ताको
गीत
त्यो पुरानो भइसक्यो ।
हामी तिम्रा लागि कपडाका टुक्राहरू
मागेर ल्याइरहन्छौँ,
तिमी त्यसमा फूलबुट्टा भर सबै जोडेपछि
एक दिन तयार हुनेछ ।
एउटा पूर्णकुर्ता
एकै पटक पूरा रोटी मागे
भोकले तड्पेर मर्नेछौँ
हामी तिम्रा लागि रोटीका टुक्राहरू मागेर
ल्याइरहन्छौँ ।
रोटीका स-साना टुक्रा
तिमी त्यसलाई खाँदै जाऊ ।
सबै मिलेर एक दिन तिम्रो पेटमा बन्नेछ ।
एउटा पूरा रोटी ।
कलकारखाना, कोइला, खनिज र
देशको शासनसत्ता कब्जा गर्ने कुरा नगर,
त्यस्ता प्रयत्नहरू असफल भइसके ।
अधैर्य बनेर हामी प्रश्न गर्छौं-
होइन, कतिञ्जेल चल्छ यसरी ?'
चोर औँला उठाएर हामीलाई रोक्छन् र भन्छन्-
हामी एउटा निवेदन लेखिरहेका छौँ,
अनि उनीहरू एउटा प्रतिवेदन लेख्छन्,
अनि चिन्तन गर्छन्
त्यसपछि हतार, हतार उनीहरू अर्कै
दिशातर्फ जान्छन्
हामी थाहा पाउँछौँ
उनीहरू त भिखारी होइनन्
अपहरणकर्ताहरू हुन् ।
परिवर्तनकारी विचारका
सपना र आशाहरूका
आत्माको उष्माका विरूद्ध सतत् सक्रिय
शीत लहर हुन् यी भिखारीहरू ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १००

**प्रदर्शनको समापन : स्थिति सामान्यीकरण**

१६:०५ सम्ममा सुरक्षाकर्मीले संसद् परिसर नजिकबाट प्रदर्शनकारीहरूलाई हटाइसकेको अवस्था देखिन्छ भने प्रदर्शनकारीको समूह पनि पातलो भइसकेको थियो । केही प्रदर्शनकारी सिभिल अस्पताल तथा नेपाल कमर्स क्याम्पस गेट नजिक देखिन्थे । अर्को प्रदर्शनकारीको समूह भने एभरेस्ट होटल अगाडि देखिन्थे ।

१६:३४ बजे नेपाली सेनाको टोली गाडीसहित एभरेस्ट होटेल अगाडि आएपछि त्यहाँ रहेका प्रदर्शनकारीहरूलाई प्रहरीले बिजुलीबजारतिर लखेटेको थियो । १७:३० मा प्रहरीले सिभिल अस्पताल गेटतिर रहेका प्रदर्शनकारीहरूलाई हटाएको थियो । १८:१५ बजे नयाँ बानेश्वर संसद् परिसर क्षेत्रको अवस्था सामान्य देखिन्थ्यो ।

**नेपालमा अनियन्त्रित सामाजिक सञ्जालका रणनीतिक जोखिमहरू**

नेपालको द्रुत डिजिटल रूपान्तरणले सामाजिक सञ्जाललाई सार्वजनिक छलफल, नागरिक सहभागिता, सूचनाको प्रवाह र विचार अभिव्यक्तिको केन्द्रका रूपमा स्थापित गरिदिएको छ । यसले अभिव्यक्ति, जनचेतना र वास्तविक समयमै जानकारी प्राप्त गर्ने अवसरहरू विस्तार गरेको छ । Digital Technology ले अध्ययन-अध्यापन, रिसर्च तथा व्यवसाय गर्न, व्यवसायका विविधीकरण र प्रचार-प्रसारमा पनि सहयोग पुऱ्याएको छ । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार देशको ब्रडब्यान्ड पहुँच १३१.५१ प्रतिशत र मोबाइल फोन पहुँच १३८.६२ प्रतिशत पुगेको छ । जनसङ्ख्याभन्दा बढी रहेको यो पहुँचले सामाजिक सञ्जाल र अनलाइन प्लेटफर्महरूको व्यापक प्रभाव स्पष्ट रूपमा देखाउँछ । तर, यी सञ्जाल तथा प्लेटफर्महरूको प्रभावकारी नियमनको अभावले यी प्लेटफर्महरूलाई व्यक्तिको विश्वसनीयता निर्माण वा ध्वस्त पार्ने शक्तिशाली साधनको रूपमा पनि रूपान्तरण गरिदिएको छ । सार्वजनिक धारणा प्रायः प्रमाणित तथ्यभन्दा बढी योजनाबद्ध कथन, सिर्जित भावनात्मक सामग्री र समन्वित डिजिटल अभियानका आधारमा निर्माण हुने गरेको छ । जसले डिजिटल हेरफेरमा सक्षम केही पक्षहरूलाई आफू अनुकूल प्रयोग गर्न सहयोग पुऱ्याएको छ । म्यान्मारमा पत्रकार, मानव अधिकार संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय तथ्य अनुसन्धान मिसनको अनुसन्धानले फेसबुकमा व्यापक रूपमा घृणात्मक र उकास्ने सामग्री लगातार दोहोऱ्याइने र एल्गोरिदमिक रूपमा प्रवर्द्धन गरिने कार्यबाट रोहिङ्ग्या समुदायविरुद्ध हिंसा व्यापक बनेको देखायो । यसले इतिहासकै सबैभन्दा ठुलो शरणार्थी सङ्कटमध्ये निम्त्यायो । जसले अनियन्त्रित डिजिटल प्लेटफर्महरूले कति विनाशकारी परिणाम निम्त्याउन सक्छन् भन्ने स्पष्ट गर्छ ।

हालैका आन्तरिक घटनाहरू, विशेषगरी जेनजी प्रदर्शनले सामाजिक सञ्जालमार्फत प्रवाह भएका भ्रामक जानकारी र भावनात्मक सामग्रीले कसरी छिटो तनाव बढाउन सक्छ भन्ने कुरालाई झनै प्रस्ट पारेको छ । आन्तरिक तथा बाह्य स्रोतबाट प्रवर्द्धन गरिएका गलत कथनहरू ठुलो परिमाणमा फैलिन पुगे । जसले जनसमूहको तीव्र परिचालन, सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति र समग्र सामाजिक अस्थिरता निम्त्यायो । यस्ता घटनाले अनियन्त्रित डिजिटल सामग्री प्रवाहका कारण राज्यका संरचनालाई दबाबमा पार्न, सामाजिक स्थिरतालाई कमजोर बनाई दिन र स्थानीय असन्तुष्टिलाई देशव्यापी सङ्कटमा बदल्न सक्ने गम्भीर जोखिम रहेको देखाउँछ ।

यी जोखिमहरू न्यूनीकरण गर्न नेपालले डिजिटल जोखिम व्यवस्थापनका लागि संस्थागत क्षमता सुदृढ गर्नुपर्छ । यसमा सामाजिक सञ्जाल गतिविधि निगरानी, Emerging Digital Threat पहिचान र दुष्प्रचार अभियानहरूको समयमै प्रत्युत्तर दिन सक्षम बनाउने गरी साइबर ब्युरोको क्षमता विस्तार गर्नु अति आवश्यक छ । त्यस्तै, सामाजिक सञ्जाल-सृजित अपराधको प्रमाण विश्लेषण गर्न डिजिटल फरेन्सिक प्रयोगशालाहरूले आवश्यक उपकरण, दक्ष जनशक्ति र प्राविधिक क्षमताका साथ विश्वसनीय विश्लेषण गर्ने दक्षता कायम गर्न सक्नुपर्छ । यससँगै, मध्यस्थ संस्थाको जवाफदेहिता, आपत्तिजनक/गैरकानुनी सामग्री हटाउने प्रक्रियाको पारदर्शिता, आधुनिक साइबर कानुन र राष्ट्रिय डिजिटल साक्षरताजस्ता सुधार अनिवार्य छन् । ताकि सामाजिक सञ्जालले लोकतान्त्रिक स्थिरतालाई सुदृढ गर्न सहयोग पुऱ्याओस् ।

सूचना स्वयम् शक्ति बनेको वर्तमान परिवेशमा सामाजिक सामञ्जस्य, सार्वजनिक सुरक्षा, र लोकतान्त्रिक मजबुती जोगाउन डिजिटल प्रविधिमाथि सामाजिक सद्भाव कायम राख्न र व्यक्तिको मर्यादा अक्षुण्ण राख्न व्यावहारिक हस्तक्षेप गर्नु अत्यावश्यक छ ।

# कीर्तिपुरमा ‘श्रमिक’ पत्रिकाको अन्तरक्रिया

कीर्तिपुर, १२ भदौ । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा हरेक बुधबार ‘श्रमिक’ साप्ताहिक, ‘मजदुर’ दैनिक र पार्टी प्रकाशन अन्तरक्रिया, अध्ययन गोष्ठी कार्यक्रमको क्रममा भदौ १० गते ‘श्रमिक’ को अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले अध्ययनबिना समाजलाई अगाडि बढाउन जटिल हुने भएकोले सबै साथीहरूलाई अध्ययनमा जोड दिन आग्रह गर्नुभयो । उहाँले भदौ १० गते बिहान भोटेकोसीमा गएको बाढीबाट नेपाली नागरिकको धनजन क्षति भएकोमा दु:ख व्यक्त गर्दै बाढीमा परेका नागरिकको उद्धार, राहत र पुनर्बासको व्यवस्था गर्न राज्यको ध्यान जानुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कीर्तिपुरका वाशुमान महर्जन, विश्वअमर महर्जन, सूर्यमान महर्जनले पनि पत्रिकामा प्रकाशित समाचार र लेखबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

*कवि...*

राजनीतिक रूपमा सचेत र विदेशी थिचोमिचोको विरोधमा सडकमा उत्रने कवि वैद्यको व्यक्तित्व आफूलाई गर्व लाग्ने उहाँले बताउनुभयो ।

नेपालभाषाका साहित्यकार हितवीर सिं कंसाकारले सधैं मुसुमुसु हासिरहने कवि वैद्यको कवितामा आफ्नै जीवन दर्शन र विद्रोही भाव देखिने बताउनुभयो ।

नेपालभाषा एकेडेमीका चान्सलर मल्ल के सुन्दरले कविमात्र नभइ अन्यायको विरोधमा सडकमै ओर्लने कवि वैद्य अभियन्ता पनि भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “नेपालभाषा साहित्य जगतले प्रतिसरा सायमी, मोतीलक्ष्मी शाक्य, सुलोचना मानन्धरजस्ता हस्तीहरू पाउनु कवि वैद्यकै देन हो ।”

कार्यक्रममा नेपालभाषा त:मुंज्याका अध्यक्ष आशकुमार चिकंबन्जार, युवाकवि दामोदर सुवाल तथा प्राध्यापक समाज नेपालका अध्यक्ष सरोजराज गोसाईको उपस्थिति थियो ।

प्रतिमा अनावरणपछि उपस्थित साहित्यकार, परिवारजन तथा आफन्तहरूलाई प्रतिमामा फूलको गुच्छा अर्पणको लागि कवि वैद्यका जीवन सङ्गिनी मीरा वैद्यले अनुरोध गर्नुभएको थियो ।


“दिगो, विश्वासिलो र भरपर्दो संस्था”

**बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

**बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

**Balakhu Ganesh Saving & Credit Co-operative Ltd.**

भक्तपुर नगरपालिका-२, ब्यासी, भक्तपुर, फोन नं. ०१-६६१९३४५, ९७४१८०२४३८

## १९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/०५/१३ गते, शनिबार**

यस संस्थाको उन्नाइसौं वार्षिक साधारणसभा तपसिलमा उल्लेखित विषयहरूमा छलफल गरी निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**छलफलका विषयहरू**

१. आ.व. ०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. ०८३/८४ को प्रस्तावित कार्यक्रम सम्बन्धमा,
२. आ.व. ०८२/८३ को आय व्यय विवरण र आ.व. ०८३/८४ को प्रस्तावित बजेट सम्बन्धमा,
३. आ.व. ०८२/८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
४. आ.व. ०८२/८३ को बाह्य लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा,
५. आ.व. ०८३/८४ को लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा,
६. आ.व. ०८२/८३ मा सञ्चालक समितिले गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा,
७. सञ्चालक समितिले प्रस्ताव गरेको आ.व. ०८२/८३ को शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा,
८. विनियम, संस्था सञ्चालन नीति संशोधन एवं पारित गर्ने सम्बन्धमा,
९. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्यक्रम सम्बन्धमा,
१०. साधारणसभाको निर्णयपुस्तिका प्रमाणित गर्न शेयर सदस्यहरू चयन सम्बन्धमा,
११. विविध ।

**औपचारिक कार्यक्रम**

| | |
|---|---|
| **मिति** | : २०८३ साल असोज १७ गते, शनिबार |
| **समय** | : बिहान ११:०० बजेदेखि |
| **स्थान** | : भक्तपुर बैङ्क्वेट, हाकुफोहिटी, भ.न.पा.-१, भक्तपुर |
| **उपस्थिति** | : बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म खुला गरिनेछ । |

**पुनश्च**

१. २०८३ असार मसान्तसम्मको ऋणको ब्याज एवं नियमित बचत नभएका सदस्यहरूले साधारणसभा अगावै बुझाउन बाँकी ब्याज र बचत जम्मा गरी सक्नुपर्नेछ ।
२. २०८३ असार मसान्तमा ७० वर्ष नाघेका शेयर सदस्यहरूलाई सम्मान गर्ने कार्यक्रम रहेको हुँदा यसअघि सम्मान ग्रहण गर्न बाँकी सदस्यहरूलाई उपस्थितिको लागि अनुरोध छ ।
३. २०८२ सालमा पी.एच.डी (Ph.D), स्नात्तकोत्तर, स्नातक, प्लस टु, एस.ई.ई परीक्षा उत्तीर्ण गरेका र आफ्नो कक्षाबाट प्रथम स्थान हासिल गरेका बाल बचतकर्ताहरूलाई सम्मान गर्ने कार्यक्रम रहेको हुँदा लब्धाङ्कपत्रको प्रतिलिपि मिति २०८३ साल असोज ११ गते, आइतबारभित्र बुझाउन हुन अनुरोध गर्दछ ।
४. साधारणसभामा भाग लिन आउँदा सदस्य स्वयम् उपस्थित भई संस्थाको पासबुक वा कुनै फोटोसहितको संस्थाको परिचयपत्र साथमा अनिवार्य लिई आउनुहोला ।

**सञ्चालक समिति**



**हार्दिक समवेदना**



जन्म
२००५/०८/०३

स्वर्गारोहण
२०८३/०५/०१

यस श्री श्री श्री इन्द्रायणी माता निजी गुठीका निवर्तमान अध्यक्ष **बिक्रम बहादुर कायस्थ**को दु:खद निधन भएको आज १३ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**पुष्पनारायण कायस्थ**
**अध्यक्ष**
**श्री श्री श्री इन्द्रायणी माता निजी गुठी परिवार**
खौमा-२, भक्तपुर नगरपालिका



**हार्दिक समवेदना**



जन्म
२००५/०८/०३

स्वर्गारोहण
२०८३/०५/०१

यस विद्यालयका पूर्व प्र.अ. **बिक्रम बहादुर कायस्थ**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा मृत आत्माको चिरशान्तिको कामना गर्दै यस दु:खद घडीमा धैर्यधारण गर्न सकून् भनी परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**राम हाडा**
**प्राचार्य**
**श्री पद्म मा. वि. / पद्म कलेज परिवार**
**एवं विद्यालय व्यवस्थापन समिति**
दरबार क्षेत्र, भक्तपुर



**बिचाः हायका**



बुदिं
२००५/०८/०३
ने.सं. १०६८

मदुगु दिं
२०८३/०५/०१
ने.सं. ११४६

स्व. बिक्रम बहादुर कायस्थ

झी ख:मा कायस्थ ज:छि यात च्वन्ह्याकेत मदिक्क थ:त पाना: दीम्ह छ्याञ्जे **बिक्रम बहादुर कायस्थ** आकाझाकां मदया: सकलें ज:पिनि नुग: क्वतुन । झीत मत्येवं त्व: ता झा:म्ह वय्क: यात स्वां छ्पास: देछासें थुगु इलय् दुखं: क:पिं छैं ज:पिनि धैर्य तये फय्केमा: धका: झी आगंमाजु याके फ्वनाच्वना ।

**खौमा कायस्थ परिवार निजी गुठी**
**व**
**कायस्थ ज:छि**
ख:मा त्वा, भक्तपुर



## औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।

तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा